
# नेपाल सरकार

## सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा

## प्रस्तुत




## अध्ययन कर्ता

## भृकुटी स्मृती प्रतिष्ठान

## कोटेश्वर, काठमाण्डौ

## आषढ २०८०

**मोवाइल नं ९८४१४५६४७७, ई मेल bhrikutima@gmail.com; info@bma.org.np URL https://bma.org.np**

# कृतज्ञता

करिव ७८० वर्ष पहिले नेपालमा जन्मिएका चीन, मंगोलिया, इण्डोनेसिया तथा दक्षिण एसियामा आदर तथा सम्मानपूर्वक लिइने नाम "अरनिको", इतिहासको पानाबाट, विदेशमा नाम स्वदेशमा गुमनाम भएका छन् । वहाँ नेपालको राष्ट्रिय विभूति पनि हुनुहुन्छ । अरनिकोले तिब्बतमा बौद्धधर्म दर्शनसँग सम्बन्धित चैत्य, विहार, गुम्बा, मन्दिरहरु निर्माण गरेर त्यहाँको धार्मिक, सांस्कृतिक, पर्यटकीय विकास र विस्तारका लागि महत्वपूर्ण योगदान दिनु भएको छ । यसले नेपाल र चीन (तिब्बत) सम्बन्धलाई अक्षुण राख्न मद्दत पुगेको छ ।

यही वास्तविकतालाई मध्येनजर राख्दै अरनिको (आनिक) जस्ता नेपाली ऐतिहासिक व्यक्तित्वको जन्म, जन्मस्थान र वहाँ हिड्नु भएका पद मार्गहरु सम्बन्धी नीति, योजना तथा ठोस कार्यक्रमहरु लागू गर्दै जाने उद्देश्य अन्तर्गत हाल नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका विविध कार्यक्रमहरु अगाडि बढिरहेका छन् । अरनिकोको जन्मस्थान तथा चीन प्रस्थान मार्ग सम्बन्धी प्रस्तुत अध्ययन सोही वृहत कार्यक्रमको एउटा भाग हो ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अरनिकोसँग सम्बन्धित अध्ययनका लागि परियोजना स्वीकृत गरी यस भृकुटी अध्ययन प्रतिष्ठानलाई सो कामको जिम्मेवारी प्रदान गरेकोमा मन्त्रालयप्रति यस संस्था हार्दिक आभार प्रकट गर्दछ । यस संस्थाले वरिष्ठ अनुसन्धानकर्ता श्री शैलेन्द्रबहादुर थापाको नेतृत्वमा स्थलगत अनुसन्धान कार्य सञ्चालन गरियो । यस संस्थाले उपलब्ध साधन स्रोतको सीमाभित्र रहेर यथासम्भव अधिकतम र आधिकारिक सूचनाहरु संकलन, अध्ययन र विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार पार्ने प्रयत्न गरेको छ । भविष्यमा अरनिको सम्बन्धी बृहत अध्ययन अनुसन्धान गर्न यसले एउटा ढोका उघारिदिएको विश्वास गर्न सकिन्छ । यो अध्ययन गर्न पाएकोमा यो संस्था मन्त्रालयप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

भृकुटी स्मृति प्रतिष्ठान

*पुनश्चः यस अध्ययनलाई राम्ररी बुझ्न राष्ट्रिय बिभूति राजकुमारी भृकुटी सम्बन्धि अध्ययन पढनु जरुरी छ ।*

# विषयसूची

**अध्याय : एक** ४-२१

१.१. पृष्ठभूमि ४-५
१.२. अरनिकोको परिचय ५-८
१.२.१. अरनिकोको जन्मस्थान ९-१०
१.२.१.१ अरनिकोको जन्म स्थानबारे पाल्पा एक प्रसङ्ग १०-११
१.२.१.२. अरनिकोको जन्म स्थानबारे ललितपुर पाटन एक प्रसङ्ग ११-१४
१.२.१.३. अरनिकोको जन्म स्थानबारे भक्तपुर एक प्रसङ्ग १४-१५
१.२.१.४. अरनिकोको जन्म स्थानबारे काभ्रको, बनेपा, पनौती एक प्रसङ्ग १५-१६
१.२.१.५. अरनिकोको जन्म स्थानबारे काभ्रेको खोपासी एक प्रसङ्ग १६-२४

**अध्याय : दुई** २५-३०

२.१. अरनिको चीन जानुको कारण र उद्देश्य २५-२७
२.२. अरनिकोले भोट चीनमा गइ कलाकृतिमा दिनु भएको योगदान २७-२९
२.२.१. भोट चीनमा बौद्ध धर्मको विकास र संरक्षणमा अरनिको एक प्रसङ्ग २९-३०

**अध्याय : तीन** ३०-३३
३.१ अरनिकोको चीन प्रस्थान मार्ग ३०
३.२ अरनिकोको सम्भावित चीन प्रस्थान पद मार्ग र अरनिको राजमार्ग ३०-३३

**अध्याय : चार** ३३-३५
सारांश ३३-३५
सन्दर्भ सामग्री ३६-३७
परिशिष्ट १ ३८-४१
परिशिष्ट २ ४२-४५

# अध्याय : एक

## १.१. पृष्ठभूमि

नेपालको संविधानले नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति लिएको छ । यसका लागि पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्नेदेखि लिएर पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने नीतिगत व्यवस्था रहेकाछ (नेपालको संविधान, २०७२ : २९) । **सन १९६० दशकको चिनीयाँ जन साँस्कृतीक क्रान्तिका समुहले नष्ट गर्न खोजेको बेजिङ्ग स्थित सेतो पेगोडा लाई जोगाउन तत्कालिन चिनीयाँ प्रधान मन्त्रि चाउ एन लाइ दौडेर आए र नेपाल र चिन बिच मित्राताको प्रतिकमा हमला नगर्न दुईहात जोडेर बचाए** । यस्का प्रत्यक्ष दर्शी शताद्वी पुरुष सत्य मोहन जोशीले चैत्य सम्बन्धि थप जानकारीको लागी चिनीयाँ जिवनीमा अनुसन्धान गर्नुभयो यसकै आधारमा अरनिकोलाई नेपाल सरकारले बि.सं. २०२४ मा राष्ट्रिय बिभूतिको सम्मान दिए र बि.सं. २०२९ मा अरनिकोको नाममा हुलाक टिकट निस्कासन गरे पनि नेपाली जिवनी अन्योलमा रह्यो । **सन १९६१ मा चीन सरकारले श्वेत चैत्यलाई राष्ट्रिय अमूल्य साँकृतिक सम्पत्तीमा सुचीकृत गरेको छ** । तर नेपाली जिवनीको अनुसन्धान अपुरै रह्यो । यसै पृष्ठभूमिमा राष्ट्रिय विभूति अरनिकोको जन्म, जन्मस्थान, उनको सिकाई ( अध्ययन) र चीनलाई कर्मथलो बनाइ त्यसतर्फ प्रस्थान गरेका मार्गहरुको अवस्था पहिचान गर्नु राष्ट्रिय दायित्व हो । अरनिकोको जन्मस्थान नेपाल हो भने कर्मस्थल चीन हो । अरनिको ६२ वर्षको उमेरमा सन १३०६ मा चीनमा नै देहान्त भएको थियो । **१९८१ अक्टोवर ३ मा चाइना डेलीले अरनिकोबारे "चीनको साम्राज्यकालिन इतिहासमा थोरै मात्र विदेशीका जीवनी समेटिएका छ जसमध्ये नेपालका अरनिको पनि एक हुन" भनि लेखिएको छ** ।


जन्मस्थान तथा कर्मस्थलसम्म जाँदा उहाँहरुले प्रयोग गरेको नेपालतर्फका ऐतिहासिक स्थानीय मार्गहरुको अध्ययन गरी नेपाली संस्कृति र पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउनु वर्तमान आवश्यकता हो । त्यसैका लागि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट भृकुटी स्मृति प्रतिष्ठानलाई प्राप्त कार्यादेश बमोजिम हाललाई नेपाल र चीनको स्वशासित प्रदेश तिब्बत सीमावर्ती क्षेत्रको नेपाली सीमा विन्दु (सिन्धुपाल्चोक जिल्लाको लिपिङ, मितेरी पुल) सम्म अध्ययन अनुसन्धान गर्नुपर्ने परिधीमा प्रस्तावना स्वीकृत भएको हो ।

नेपाल चीनको ऐतिहासिक गहिराइबाट माथि उठेर “अरनिको” को ऐतिहासिक पदचाप पछ्याउँदै दुई देश बिचको मित्रताको ऐतिहासिक पहिचान पुनरावलोकन गरी तत् सम्बन्धी भ्रम र यर्थाथ केलाएर अरनिकोको माध्यमद्वारा प्राचीन नेपाल- चीन सम्बन्धलाई आधुनिक रुपान्तरणमा जोड दिनु वर्तमान आवश्यकता हो । नेपाली इतिहासको विभिन्न कालखण्डहरुमा अरनिको जस्ता राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याउन सफल व्यक्तित्वहरुको जन्म स्थान पहिचान हुन नसक्दा, अभिलेखीकरण गरेर राख्न नसक्दा वर्तमानका नेपाली पुस्ताहरु त्यसप्रति अनभिज्ञ भएर रहनु परेको छ । अनुमानको भरमा त्यस्ता नेपाली पुर्खाहरुको स्मरण गर्नु परेको छ । त्यसलाई वास्तविक व्यवहारमा व्यवस्थापन गर्नका लागि ऐतिहासिक, पुरातात्विक महत्वका संवेदनशील विषयवस्तुहरुको वैज्ञानिक अध्ययन अनुसन्धानमा थप महत्व दिन आवश्यक देखिएको छ । यसका लागि विवरणात्मक तथा विश्लेषणात्मक र अवलोकनात्मक विधिबाट प्रयुक्त खोजमूलक कृति सहयोगीसिद्ध हुनेछ । अरनिकोले तत्कालीन चीनमा ऐतिहासिक कलाकारिताको पहिचान, दृष्टिगत् मूल्य स्थापित गर्नुभएको छ । अरनिकोको योगदानका कारण वहाँ समग्र एशियाली कला संस्कृति र सभ्यताको गहिरो आस्था, विश्वास प्रणालीको रुपमा स्थापित हुनु भएको छ । विभिन्न द्वितीयक स्रोतहरुलाई अध्ययन मनन् गर्दा र अरनिकोको जन्म स्थान सम्बन्धी प्राप्त विभिन्न स्रोतहरुलाई नियाल्दा अरनिको ललितपुरको महाबौद्धमा जन्मेका हुन् भन्ने मतभार ठूलो देखिन्छ । यद्यपी यो मतको पनि ऐतिहासिक तत्थ्यले पुष्टि गर्न सकेन । कतिपय स्रोतहरुले अरनिकोको जन्म खोपासीमा भएको मत प्रस्तुत गरेको पाइन्छ । यो मतमा धेरै ऐतिहासिक विवरणात्मक र विश्लेषणात्मक तथा तत्थ्यहरु देखिन आए । कतिपय स्रोतहरुले अरनिको पाल्पामा जन्मिएका हुन् पनि भन्ने गरेको पाइन्छ । अघिल्ला मतहरुको तुलनामा यो मतको भार कम रहेको देखिन्छ । तसर्थ भृकुटी स्मृती प्रतिस्थानले जन्मस्थानको संदर्भमा ललितपुर र खोपासीमा थप अध्ययन गरेको छ । ऐतिहासिक बस्तुस्थितीको आधारमा यस अध्ययनले अरनिकोको जन्मस्थल नेपालको खोपासी हो भन्ने तथ्य प्रष्ट पारेको छ भने चीन प्रस्थान मार्ग पनि कोदारी नाकालाई नै एकिन गरेको छ ।

## १.२. अरनिकोको परिचय

नेपालले इतिहासको विभिन्न कालखण्डमा राष्ट्रिय तथा अर्न्राष्ट्रिय क्षेत्रमा ख्याती राख्ने ब्यक्तित्व जन्मिएका छन् । नेपाललाई अन्तराष्ट्रिय क्षेत्रमा चिनाउने तथा नेपाल र नेपालीको ख्याति अन्तर्राष्ट्रिय जगनसम्म पुऱ्याउने ब्यक्तिहरु मध्ये अरनिको पनि एक हुन । आजभन्दा करिव ७८० वर्ष पहिले नेपालमा जन्मिएका अरनिकोको नेपाली जिवनी बारे ऐतिहासिक तत्थ्यहरु भेटिएका छन् । उनि मुलुकको छवि उजागर गर्ने नेपाली सपूतमध्ये सर्वाधिक पुजनिय, स्मरणिय, वन्दनिय पात्रहुन । चीन, मंगोलिया, इण्डोनेसिया तथा दक्षिण एसियामा आदर तथा सम्मानपूर्वक नाम लिइने नाम हो, चित्रकला, बास्तुकला र मूर्तीकलाका धनि कलाकार अरनिको । यस्ता महत्वपूर्ण ब्यक्तित्वका विषयमा नेपाली स्रोतहरु मौन छन् । यो


विषयमा गम्भिर, पेचिलो र संबेदनशील छ, सातौ शताद्वीमा नेपालको प्रसिद्धि तिब्बत, भोट तथा चीनमा पुऱ्याउने नेपाली राजकुमारी भृकुटीका बारेमा स्वदेशी ऐतिहासिक श्रोत मौन ( हिमालय टाइम्स, २७ माघ २०७८ मा प्रकाशित 'इतिहासको पानाबाट, विदेशमा नाम स्वदेशमा गुमनाम' पढनुहोला) भएजस्तै अरनिको सन्दर्भमा पनि यहि अवस्था देखिएकोछ । भोट तथा चीनमा प्रसिद्धि कमाएका नेपाली कलाकार अरनिकोको विषयमा नेपालमा कुनै ऐतिहासिक प्रमाण नपाइनु साँच्चिकै खडकिने विषय हो । चिनीयाँ श्रोतहरुले प्रवाह गरेको सूचनाको आधारमा उनको योगदानको चर्चा गरिएको धेरै पछाडी मात्र नेपालमा अरनिकोको विषयमा चर्चा परिचर्चाहरु हुन थालेको हो । चिनीयाँ श्रोतको अध्ययन, विश्लेषण र स्थलगत अवलोकनको आधारमा शताद्वीपुरुष सत्यमोहन जोशी र मीनबहादुर शाक्यजस्ता अन्वेषक विद्वानहरुले प्रयास नगरेका भए 'अरनिको' इतिहासकै गर्भमा हराउने थियो ।



अरनिकोको जीवनी र युआन राजवंशको इतिहासमा एउटा रोचक प्रसंगछ । त्यहाँ भनिएकोछ - *''अरनिको निपोल अर्थात नेपाल देशका हुन । त्यस देशका मानिसहरु उसलाई पालुप भन्ने गर्दछन् । सानो उमेरदेखी उनको बुद्धि अरु बच्चाहरुको तुलनामा तेजिलो थियो । केही हुर्केपछि उनले बुद्धधर्म अध्ययन सुरुगरे । उनमा सुनेर कण्ठ गर्नसक्ने क्षमता थियो । उमेर बढेपछि चित्र र मूर्ती बनाउने काममा अरनिको निपूर्ण भए । उनले धातुको मूर्ती ढाल्ने काम पनि गर्नसक्थे (युआन राजवंशको इतिहास खण्ड २०३'भिक्षु सुदर्शनको आलेख 'राष्ट्रिय विभूती अरनिकोको श्वैतचैत्य' - आनन्दभूमी म्यागजिन, १ असोज २०४४)''* नेपालको कलाकृतिलाई अन्तराष्ट्रिय क्षेत्रका विस्तार गरी नेपाल र नेपालीको गौरव बढाएको भनेर बि.सं. २०२४ मा उनलाई श्री ५ को सरकारले राष्ट्रिय विभूति घोषणा गरिएको थियो । नेपालको राष्ट्रिय विभूतिका रुपमा सम्मान पाउने उनी एक मात्र कालिगढ हुन । राष्ट्रिय विभूति घोषणा भएपछि नेपाल सरकाले बि.सं. २०२९ वैशाख १ गते उनको चित्र अंकित हुलाक टिकट प्रकाशित गरेको थियो । उक्त हुलाक टिकटमा अरनिकोले चीनको निर्माण गरेको विशाल श्वैतस्तूप पृष्टभूमीमा राखिएकोछ । बि.सं. २०५९ सालमा अरनिको समाजको सक्रियतामा बेजिङ्ग स्थित श्वैतचैत्यको परिसरमा अरनिकोको पूर्ण कदको सालिक (दायाँको तस्विर) र नेपाली भाषामै उनका बारेमा उल्लेख गरिएको लेख पढन सकिन्छ । चीनमा गएर नेपाल चिनाउने महत्वपूर्ण कार्य गरेकाले

उनको सम्मानमा यो राजमार्गको नाम ‘‘अरनिको राजमार्ग‘‘ नामाकरण गरी नेपाल चीन बीचको मित्रतालाई प्रगाढ बनाउने कार्य गरिएको छ ।

वहाँको बाजेको नाम मितिअर, बजैको नाम सुङती लाछिमे, वुवाको नाम लाखाँना र आमाको नाम सुमाखची हो । अरनिको इ.सं. १२४४ मा नेपालमा जन्मिनु भई इ.सं. १३०६ मा चीनमा देहवसान हुनु भएको थियो (जोशी २०४४ : ७९) । वहाँका १ (जेठी) नेपाली श्रीमती सहित बाँकी चिनियाँ तथा मंगोलियाली गरेर ११ वटी श्रीमतीहरु थिए । यस सन्दर्भमा सत्यमोहन जोशीद्वारा लिखित “कलाकार अरनिको” मा अरनिकोको समाधिस्थलको कीर्तिस्तम्भको अभिलेखलाई उधृत गर्नुहुँदै वंश-तालिका यसरी प्रस्तुत गर्नुभएको छ :




यी तथ्यहरुले के निर्देश गर्छन् भने नेपाली, भोटेली चिनियाँ, मंगोलियन श्रीमतीहरुबाट जन्मेका अरनिकोका सन्ततीहरुलाई नेपाल राज्यले खोजी गर्न आवश्यक छ । मातृत्व विदेशी भए पनि पितृत्व नेपाली वंशज भएकाले जुनसुकै श्रीमतीहरुबाट जन्मेक सन्तानहरु भए पनि ती अरनिकोकै भएकाले नेपाली नश्ल हुन् । भूगोलको नाताले चिनियाँ भए पनि पितृत्व र रगतका नाताले ती सन्तानहरु नेपाली हुन् । त्यसकारण भोट चीन, मंगोलियामा अरनिकोका सन्ततीहरुलाई खोजी खोजी उनीहरुको अभिलेखिकरण नेपालले नै गर्न सक्नु पर्दछ । त्यति मात्र होईन यो अनुसन्धानकर्ताले के प्रस्ताव राख्न चाहन्छ भने अरनिकोका सन्ततीहरुलाई नेपालमा पर्यटन गराउन नेपाल सरकारले पहल गर्नसके आज

हामीमाझ अरनिको नहुनु भएपनि वहाँका ती सन्ततीहरुको अनुहारमा हामीले हाम्रो अरनिको भेट्टाउनेछौं ।

नेपाली ईतिहासका अद्देता प्रा. सिल्भा लेभिले आफ्नो लेखमा बाह्रौ शताद्रिमा चिनीयाँ सम्राटको निमन्त्रणमा एक राजकुल (घरानिया) का अनिको नाम गरेका कलाकार अस्सी जना कलाकार सहित चीन गएका थिए भनि लेखेकाछन् । यसैको अधारमा ईतिहास शिरोमणी बाबुराम आचार्यको भनाई रेग्मी रिसर्चमा *"Sylvain Levvi's Le Nepal published a little over 50 years age, contains a very brief introduction to Aniko, the gifted Nepali artist who had demonstrated his artistic skill at the court of Chinese Emperor Kublai Khan. It contains a French translation of reference to this artist, contained in a Yuan account. The Gorkhapatra of Magh 12, 2013 (January 26, 1958) had published an artictle entitled "Balbau"( Arniko), which too was based on the Chinese account than was given than was given was given by Sylvain Levi. But an even more detailed and clearer account about this artist is given in L. Petech's Medieval History of Nepal. Sylvain Levi's translation mentions "Arniko", who belonged to the royal family of Pale-Pao, the Chiness equivalentg of "Balba", the Tinetan name for Nepal. T had wrongly though "Pale-Pao" was Arniko's personal name. I therefore confused this term with the Sanskrit word "Bala bahu" cut of ignorance. A similar error has been committed in the article published in the Gorkhapatra" (Acharya, 1971: Regmi Research Series p. 241)*. अरनिकोका बारेमा गहन अध्ययन, अनुसन्धान गरी पुस्तक नै प्रकाशन गर्ने कार्य सबैभन्दा पहिले इतिहासविद सत्यमोहन जोशीले गरेका छन् । उनले "कलाकार अरनिको" पुस्तक मार्फत चीनमा अरनिकोले गरेको कार्य प्रस्तुत गरेका छन् । जोशी नेपाल भाषा एकेडेमी चान्सलर हुँदा अरनिकोको ग्यालरी नै स्थापना गरी अरनिकोको पूर्ण कदको प्रतिमा समेत बनाउन लगाएका छन् ।

*"सन १२५५ मा महाभूकम्प गएको केही बर्ष पश्चात ल्हासाको भ्रमण गर्दा जोङ्खा दरवारमा रहेको भृकुटीका कलात्मक दाईजोहरु बाट प्रभावित चीनिया सम्राट कुब्लाई खाँले चीनमा केही बुद्धका कलाकृतीहरु बनाउन कलाकारहरु पठाई दिन नेपालका तत्कालिन राजा अभय देवलाई अनुरोध गरे । प्राकृतिक प्रकोपबाट बचेका नेपाली युवाहरुलाई रोजगारीको ठूलो अवसर मिल्यो । सम्राटको अनुरोध अनुसार सन १२६० तिर भक्तपुरका राजा जय भिमदेव मल्लले खोपासीका प्रशासक बलदेवका १६ बर्षिय छोरा बलबाहुको नेतृत्वमा ८० कारिगरी कलाकारहरु टोली चीन पठाए । स्थानियको भनाई अनुसार अस्सीभन्दा ज्यादा युवाहरु राम्रो रोजगारीको लागी चीन गएका थिए । हिमाल पारगर्नसक्ने युवा कलाकारहरु गए पनि कमजोर युवाहरु जानसकेन । बिबाहित युवाहरु बलबाहु समेत जो आफ्ना श्रीमतीहरु लाई छोडेर मुगलान गए कोही पनि फर्केनन् ।" (उलक, २०७८: मध्यमार्ग ४)*

### १.२.१ अरनिकोको जन्मस्थान

प्रो. सिल्भा लेभीले अरनिकोको जन्म ललितपुर हुनसक्ने भनि लेखेकोमा इतिहास शिरोमणी बाबुराम आचार्यले उनको भनाइलाई समर्थन गरेकाछन् ।*"Now let us discuss the probable birth -place of Aniko. During his time Lalitpur and Kathmandu were the only leading ecters of fine arts in Nepal. However, Lalitpur was and remains more renowned than Kathmandu in this field 100 Nepali artists had been invited from Tibet to visit that country. But Nepal was able to send a team of 80 artists only under the leadership of Aniko. Lalitpur had a larger number of artists than Kathmandu at that time. It is therefore vey probable that the majority of the members of the team sent to Tibet belonged to Lalitpur. As such, it is more than likely that Aniko was born on Patan" (Acharya, 1971: Regmi Research Series p. 243).* अरनिकोको जन्म नेपालको कुन ठाउँमा भएको हो भन्ने विषयमा जन्मस्थान किटान गरेर यही ठाउँ हो भन्न सक्ने अवस्था देखिएन । यसबारे नेपालमा सर्वप्रथम विस्तृत रुपमा गहिरो अध्ययन अनुसन्धान गर्ने व्यक्तिहरुमा बाबुराम आचार्य, सत्यमोहन जोशी, मिन बहादुर शाक्य, चिनियाँ विद्वान डा. आनिङ जिङ लगायतका व्यक्तित्वहरु अग्रपंक्तिमा पर्नु हुन्छ । सत्यमोहन जोशीको अर्को 'अरनिकोकृत श्वेतचैत्य (महाकाव्य)' पनि निकै महत्वपूर्ण कृति हो । डा. आनिङ चिङले नै अरनिकोद्वारा निर्मित श्वेत चैत्यको बारेमा चिनाउनु भएको विभिन्न अध्ययनहरुले देखाएका छन् । नेपाली विद्वान एवम् संस्कृतविद् सत्यमोहन जोशी जसले अरनिकोको समग्र विषयवस्तुलाई समेटेर 'कलाकार अरनिको' नामक एक अनुसन्धानात्मक कृति तयार पार्नु भएको छ । त्यो कृतिमा अरनिकोको जन्मस्थल बारे इतिहास शिरोमणि बाबुराम आचार्यलाई उधृत् गरी प्रश्न गर्दै यस्तो लेखिएको छ : *"अनिको (अरनिको) को जन्मस्थल कहाँ थियो ? उस समयको त के कुरा, आजसम्म पनि भक्तपुर ललितकलामा अनभिज्ञ छ । उस समयमा ललितपुर र काठमाडौं नै ललितकलाका केन्द्र थिए तर काठमाण्डौलाई पाटनले उछिनेको थियो र आज पनि उछिनि नै रहेको छ"* (जोशी २०४४ : ९०) । यसरी सत्य मोहन जोशीले पनि जन्मस्थल ललितपुर नै हो भनि एकिन गर्न सकेको छैन ।

*तिब्बतबाट १०० जना कलाकारहरुको माग आउँदा अनिकोका अध्यक्षतामा ८० जना मात्र पुग्न सकेका थिए । यस कारण कलाकारहरु ज्यादा भएका पाटनका नै, ई कलाकारहरुमध्ये धेरै हुन सम्भव हुनाले उनीहरुको अध्यक्ष भएर जाने अनिकोको जन्मस्थल पनि पाटन शहर नै हुनु ज्यादा सम्भव छ (ऐजन)* । यसरी अरनिकोको जन्मस्थल तत्कालीन पाटन शहर हुन सक्ने सम्भावना मात्र औंलाएको पाइएपनि देशका उच्चस्तरीय इतिहासकार, संस्कृतविद्, पुरातत्वविद्हरुले कलाकार अरनिकोको जन्मस्थल बारे अझै प्रष्ट खुट्याउन नसकेको अवस्थामा नेपाल सरकार, शिक्षा मन्त्रालयले अंशुवर्माको छोरी भृकुटी लेखे झै कक्षा चारको बि.सं. २०७९ को पाठ्य पुस्तक सामाजिक अध्ययन तथा मानव मूल्य

पुस्तकको हाम्रा राष्ट्रिय बिभूती शिर्षकको पाठमा अरनिकोको जन्म पाटन भनेर लेखेका छन् । *''बि.सं.२०३५ (1978) मा तत्कालिन चिनिया प्रधान मन्त्री श्री देङ्ग सिआयोपिङको नेपाल भ्रमणमा अरनिको बस्ती (Arniko Village) को बारेमा आसय ब्यक्त गरे । देशका बिभिन्न अगुवाहरुले आ-आफ्नो क्षेत्र बिकास हेतु अरनिको आ-आफ्नो बस्ती र गाउँमा जन्मिएको भनि लेखहरु प्रकास गर्न थाले । अरनिकोको जन्म एकिन हुन सकेन । बि.सं. २०६२/६३ तिर फेरि अरनिकोको जन्म स्थानको चर्चा चल्यो । यस पटक धेरै लेखकहरुले अरनिको ''पहरी'' थरका भएको र काभ्रे जिल्लाको खोपासीमा जन्मिएका र उनि प्रशासक बलदेवका छोरा बलबाहु थिए भनि लेखे । अन्तत गुरुकुलले पहरीको आकृतीमा मूर्ती बनाए ।''(उलक, २०७८: मध्यमार्ग ४)* । यद्दपि अरनिकोको जन्म स्थानबारे पाल्पा, पाटन, भक्तपुर, बनेपा, पनौती, खोपासीको बारेमा विभिन्न प्रसङ्गहरु चल्ने गरेको पाइन्छ ।

### १.२.१.१. अरनिकोको जन्म स्थानबारे पाल्पा एक प्रसङ्ग

नेपाली तथा चीनियाँ इतिहासहरुमा अरनिकोको जन्म स्थान एकिन गरेर उल्लेख गरेको भेटिदैन । कतिपय इतिहासकारहरुले वहाँको जन्म पाल्पा हुन सक्ने सम्भावना पनि औंल्याएको पाइन्छ ।*...'बाबुराम आचार्यले स्थानविशेष चिनियाँ शब्द पालेपाओलाई बलबाहु भनेर उल्लेख गरे'......'लेभी र पेटेकले प्रयोग गरेका पालेपाओ शब्दका कारणले पाल्पा हुन सक्छ भनी अड्कल गरेका छन्'* (कर्माचार्य २०७६ : च) । चीनको युआन वंशको इतिहासको खण्ड २०३ मा नेपाली कलाकार अरनिकोको बारेमा यसरी लेखिएको पाइन्छ :

*"अरनिक (अरनिको) नेपाल देशका मानिस थिए । त्यहाँ बसेका मानिसहरुलाई 'पालुपु' पनि भन्दछन् ।"* कुबलाइ खानले चीनलाई अधिनस्थ गरी नयाँ युआन राज्यवंश स्थापना गरेको समयमा अरनिको चीन पुग्नु भएको थियो । नयाँ युआन राजवंश स्थापना भएलगत्तै चीनमा मंगोल जातिका मानिसहरुले नेपाललाई 'पाल्पा' भनेर संवोधन गर्न थाले । यसले अरनिको पाल्पाकै मानिस हुन् की भन्ने (जोशी २०४४ : ९१ र ९२) तर्क गर्ने ठाउँ पनि देखिन्छ । तर अरनिको चीन गएको समयमा तत्कालीन पाल्पामा पुराना र बृहत् बौद्ध चैत्य तथा कलाकृति रहेको नदेखिएकाले अरनिको पाल्पामा जन्मिएका हुन सक्ने सम्भावना न्यून रहेको आशय सत्यमोहन जोशीद्वारा लिखित 'कलाकार अरनिको' कृतिबाट थाहा पाउन सकिन्छ । वर्तमान पाल्पाको सदरमुकाममा बस्ने प्रायः अधिकांश बौद्ध धर्मावलम्बी र शिल्पकलामा काम गर्ने कलाकारहरु नेवारहरु नै हुन भन्नेमा दुई मत देखिदैन । यी कलाकारहरु काठमाण्डौबाट वा देशका अन्य स्थानहरुबाट त्यो ठाउँमा पुगेको इतिहास त्यत्ति पुरानो नदेखिएको भन्ने कतिपय इतिहासकार, संस्कृतविद्हरुको धारणा पाइन्छ । वहाँहरुका अनुसार पाल्पामा विद्यमान पुराना र बृहत् बौद्ध चैत्य र कलाकृति पनि पाइँदैनन् भन्ने तर्क छ । तर शाक्य वंशी भगवान गौतम बुद्धको जन्म स्थल लुम्बिनी र पहाडी जिल्ला पाल्पाको निकटतम

भौगोलिक सम्बन्ध प्राचीनकालदेखि वर्तमानसम्म नङ्ग र मासुको जस्तो रहिआएको पाइन्छ । वर्तमान लुम्बिनी प्रदेशको एउटा पहाडी जिल्लाको रुपमा पाल्पा यथावत रहिआएको छ । उनै प्राचीन शाक्य वंशीहरु काठमाण्डौ, ललितपुर, भक्तपुरमा पनि रहेका छन् । व्यापार, व्यावसाय र कलाकारितादिको हिसाबले हेर्दा काठमाण्डौ र पाल्पाका शाक्य वंशी नेवारहरुको सम्बन्ध पनि अक्षुण रहिआएको देखिन्छ । निरञ्जन भट्टराईद्वारा लिखित 'चीन र त्यससित नेपालको सम्बन्ध' कृतिमा उल्लेख गरिएको आनिक शीर्षकको पाद् टिप्पणी नं. १ अनुसार युवान साम्राज्यको इतिहासमा लेखिएको आनिक नेपाल देशका मान्छे हुन् । त्यसका मान्छे त्यसलाई पारपु भन्छन्, तर पारपुबाट बलबाहु पनि बनेको होईन र पारपुले पाल्पालाई पनि जनाउँदैन भन्ने आशय त्यो किताबको देखिन्छ । तारानाथ शर्माले कान्तिपुरमा यसरी प्रकाश पार्नु भएको छ :

*"वास्तवमा 'पालेपाओ' शब्द चिनियाँ लेखोटबाट बनाइएको हो । यसले गर्नु गऱ्या । बेइजिङलाई पेकिङ वा पेइचिङ भनिएझैं 'बलबाहु' लाई 'पालेपाउ/पालेपाओ' भनिएको हुनुपर्छ भन्ने भ्रम पनि परेकै हो"* (शर्मा २०६२ : ६) ।

*यसरी स्थानवाची नामलाई समेत कलाकारको नाम ठानी इतिहास शिरोमणि आचार्यले समेत अनिकोलाई 'बलबाहु' मान्ने ठानेर गल्ती गरेको थिएँ भनी स्वीकारेका छन् । नेपाली कलाकारको नाम संस्कृतिमा हुन्छ र पालेपाउ वा पालेपाओ भनी चिनियाँमा लेखिएको छ भने त्यो 'बलबाहु' हुनुपर्छ भन्नु अस्वाभाविक पनि होइन, तर तिब्बतीमा र चिनियाँमै पनि नेपाललाई नै पालेपाओ भिनन्थ्यो रे* (ऐजन) / यसबाट पालेपाओ शब्दले नेपाललाई चिनाएको हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

अरनिकोको जन्म स्थानको प्रसङ्ग नियाँल्दा पाल्पामा नै वहाँको जन्म भएको हो वा होईन भन्ने निश्चय गर्न सक्ने ऐतिहासिक, पुरातात्विक आधार, प्रमाणहरुको अभाव देखिन्छ । यसबारे इतिहासकार तथा पुरातत्वविद्हरुको थप उत्खनन्, अनुसन्धानादिबाट भविष्यमा सत्य तथ्य कुराहरु बाहिर आउने अपेक्षा राख्न सकिन्छ ।

## १.२.१.२. अरनिकोको जन्म स्थानबारे ललितपुर पाटन एक प्रसङ्ग

सत्य मोहन जोशीका ज्येष्ठ सुपुत्र अणुराज जोशीका अनुसार करीब छैठौं, सातौं शताब्दी अगाडि देखि नै ललितपुरमा कला (आर्ट) को विकास भइसकेको पाइन्छ । यहाँको कलाकृतिको प्रसिद्धी त्यो बेला संसारभरि नै फैलिएको थियो । यही भएर होला शायद् तत्कालीन तिब्बतका शाक्या गुम्बालाई बौद्धकला र संस्कृतिद्वारा समुन्नत बनाउने उद्देश्यले काठमाण्डौका शासकहरु समक्ष प्रवीण नेपाली कलाकारहरु पाउनका लागि अनुरोध

गरिपठाएको भन्ने वाक्यांश 'कलाकार अरनिको' कृतिमा पनि परेको हो । त्यो कृतिमा यस्तो छ :

*"...तिब्बतका शाक्या गुम्बासँग जोडिएका नेपालका मूल बाटोहरुमा सबभन्दा नजीक कुतीको बाटो, त्यसपछि केरुङको बाटो पर्दछ । पाल्पाबाट शाक्या गुम्बा निकै टाढा पर्दछ, र त्यहाँ जाने बाटो भएकै भएपनि निकै घुमाउरो र अपठ्यारो देखिन्छ"* (जोशी २०४४ : ९१ र ९२) । *वास्तवमा मंगोलहरुले 'नेपाल' लाई पाल्पा, तथा नेपालका बासिन्दालाई 'पाल्पाहु' भन्ने गरेको पनि विदित हुन्छ । फेरि, अरनिकोको समाधिस्थलको कीर्तिस्तम्भको शिलालेखमा एक ठाउँमा ('स्वये लौ ची' मा संकलित) यस्तो लेखिएको पनि पाइन्छ- "उनी (अरनिको) ढलौटको मूर्ति बनाउने ठाउँमा जन्मेका थिए ।" अनि ढलौटका मूर्ति बनाउने तथा ढलान गर्ने पुरानो परम्परामा पनि ललितपुरले आज पनि प्रमुख स्थान ओगटेको छ । अत: नेपाली कलाकार अरनिकोको जन्मस्थल सम्भवत: ललितपुर नै हुन सक्छ ।*

*उक्त सन्दर्भमा सन् १९८१ जून ६ मा 'रेनमिन रिपाऊ' (चीनको लोकप्रिय जनदैनिक) मा नेपालको सद्भावना यात्रा गर्नुहुने चीनियाँ प्रधानमन्त्री चाउच यान को बारेमा एउटा गहकिलो लेख छापिएको थियो, त्यसको आंशिक रुप यस प्रकार छ : "सिन्ह्वा न्यूज एजेन्सी (नव चीन सम्वाद समिति) । जून ५ तारिखमा प्रधानमन्त्री चाउ च यानसँग गएको निरीक्षण टोलीले आज बिहान नेपालका ख्यातिप्राप्त वास्तुकलाविद् अरनिकोको जन्मस्थल पाटन ( ललितपुर) को निरीक्षण गऱ्यो ।*

*२000 वर्षको पुरानो इतिहास भएको प्राचीन पाटन शहर काठमाण्डौदेखि दक्षिण-पूर्वतिर ४ किलोमिटर टाढा पर्दछ । युआन वंश कालमा चीनलाई सहयोग गर्नको लागि तिब्बतमा सुवर्ण चैत्य तथा पैचिंगमा श्वेतचैत्यको निर्माण गर्ने अरनिको यसै ठाउँमा जन्मेका थिए । यहाँ अनेक ऐतिहासिक महत्वका ठाउँहरु छन्, चित्रमय ठाउँहरु पनि छन्, कलाकृतिहरु पनि छन् । यस पाटन शहरलाई खुला संग्रहालय भन्दारहेछन्"* (ऐजन : ९२) । माथिका विवरणहरुले अरनिकोको जन्मस्थान पाटनतर्फ संकेत गरेको पाइन्छ । यस सन्दर्भमा यस अनुसन्धानकर्ताले तयार पारेको प्रश्नावलीहरुमध्ये 'अरनिकोको जन्म कहाँ भएको थियो ?' भन्ने एउटा प्रश्नको मत सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार 'पाटनमा भएको थियो' भन्ने उत्तरदाताहरु ५८.८८ प्रतिशत रहेको पाइयो । त्यसैगरी अरनिकोको चीन स्थित समाधिस्थलको कीर्तिस्तम्भको शिलालेखमा "अरनिको ढलौटको मूर्ति बनाउने ठाउँमा जन्मेक थिए" भनी लेखेको पाइनुले उनको जन्म नेपालको कुन ठाउँलाई लक्षित गरेको हुन सक्छ ? भन्ने अर्को प्रश्नको उत्तरमा सबैभन्दा बढी ४३.३३ प्रतिशत मत परेको छ । यसले पनि ललितपुर (पाटन) लाई देखाएको छ । ललितपुर महानगरपालिका वार्ड नं. ७, दुपाट टोलका एक स्थानीय प्रबुद्ध व्यक्ति एवम् व्यवसायी बाबु महर्जन (दायँपट्टि तिस्विरमा देखिएको ढुङ्गाको मूर्ति पसल व्यवसायी) का अनुसार पुर्खौंदेखि ढुंङ्गाको काम गर्दै आएको



स्थान हालको वार्ड नं. ७ स्थित भिक्षु वहाल र पुर्खौंदेखि ढलौट, तामाको मूर्ति बनाउँदै आएको स्थान उकु वहाल महाबौद्ध हो ।

माथि उल्लेख गरे जस्तो अरनिको ढलौटको मूर्ति बनाउने ठाउँका हुन् भन्ने तथ्य सम्झिल्याउँदा त्यो ठाउँ पाटनको उकुवहाल त होईन ? यदी हो भने ललितपुरमा ढलौटको मूर्ति कहिले देखि बनाउन सुरु गरियो ? यस्ताखाले प्रश्नहरुको उत्तर प्राप्तीका लागि यस स्थलगत अनुसन्धानकर्ता अरनिकोसँग सम्बन्धित भनिएको ललितपुर पाटनका स्थानहरुमा गएर स्थानीय प्रबुद्ध व्यक्तित्वहरुसँग समन्वय गरी बुझ्दा वहाँहरुको एउटै धारणा के पाइयो भने ललितपुर महानगरपालिका वडा नं. ६ स्थित महाबौद्ध, गुजी वहाल क्षेत्रमा अरनिको जन्मिनु भएको प्रमाणिक तथ्यहरु प्राप्त गर्न सकिएको छैन । ललितपुरमा ढलौटको मूर्ति राजा मानदेवको पाला आसपासदेखि नै बनाउन सुरु गरिएको भन्ने स्थानीय जनमानसमा रहेकाले पनि अरनिकोले म ढलौटको मूर्ति बनाउने ठाउँको हुँ भनी आफूलाई चिनियाँ पक्ष सामु परिचय दिएको हुन सक्छ । तर यस महाबौद्ध परिसरमा अरनिकोको वंशावली पुष्टि हुने अहिलेसम्म कुनै संकेत भेटिएको छैन भनी केही स्थानीयबासीहरुले आफ्नो प्रतिक्रिया प्रस्तुत गरेको पाइन्छ । यस सन्दर्भमा एक प्रबुद्ध स्थानीयवासी एवम् व्यवसायी दिपेश शाक्य (दायाँ तस्विरमा रातो भेस्टमा) को धारणा पनि त्यस्तै पाइयो ।



सोही स्थानमा करीब १६०० वर्ष पुरानो भनिएको वैश्यवर्ण महाविहार र तिब्बतबाट ल्याएर स्थापना गरिएको त्रैलोक्य विजय आजु (देवता) रहेको गुजि वहाल टोलका अध्यक्ष सानुकाजी शाक्य (दायाँ तस्विरमा उभिएर किताब समाउँदै) र अर्का एक सम्बन्धित स्थानीयवासी पञ्चरत्न शाक्य (बायाँ तस्विरको दायाँपट्टि बस्नु भएको) ले पनि अरनिकोको जन्म झल्किने कुनै त्यस्तो ठोस ऐतिहासिक पुरातत्विक प्रमाण यहाँ अहिलेसम्म भेटिएको पाइएन भन्ने धारणा प्रस्तुत गर्नुभएको छ ।





उकुवहालका कतिपय स्थानीय प्रबुद्ध एवम् अग्रज व्यक्तित्वहरुले पनि उकुवहालमा अरनिकोको जन्म भएको कुनै ऐतिहासिक प्रमाणको अभावमा ठोकुवा गरेर यसै स्थानमा जन्मेका हुन् भनियो भने त्यो विवादास्पद हुन सक्छ । त्यसकारण यो विषयमा ठोस प्रमाण नपाएसम्म यसै भन्न सकिन्न भन्ने वहाँहरुको व्यक्तिगत धारणा पाइयो । त्यसैगरी वार्ड नं. ६, ज्याथा टोलका एक स्थानीय अग्रज व्यक्ति एवम् ढलौटका मूर्ति व्यवसायी रत्न ज्योति शाक्य (दायाँपट्टि तस्विरमा चस्मा र कालो ज्याकेटमा) ले विद्वान मीन बहादुर शाक्यलाई उधृत गर्दै, यस ज्याथा टोलमा स्थापित एक बुद्ध शाक्यको मन्दिरको भित्तामा अरनिको शब्द



उल्लेख गरिएको शिलापत्र राखिएको बताउनु हुन्छ ।

तर माथि तस्विरमा प्रस्तुत गरिएको शिलापत्रको अक्षर बुझ्न गाह्रो छ, अरनिको शब्द लेखिएको छ कि छैन, मलाई त्यो पनि जानकारी छैन । यसको तस्विर खिचेर यहाँले पनि यसको अनुवाद गर्न लगाइ अरनिको सम्बन्धी कुराहरु यो शिलापत्रमा परेको छ कि छैन थाहा पाउन सक्नु हुनेछ भनेर यस अनुसन्धानकर्तालाई जिम्मेवारी थपिदिनु भएको छ । यसरी ऐतिहासिक, पुरातात्विक प्रमाण फेला नपर्नु एउटा पाटो रह्यो तर कतिपय विद्वानहरु र स्रोतहरुले अरनिको पाटन क्षेत्रमै जन्मिनु भएको हो भन्ने मतको संख्या पनि ठूलो रहेको पाइन्छ । यो एउटा आस्था र विश्वास पनि हो । शायद, त्यो समयमा अरनिको पाटनमै जन्मिनु भएको हुन पनि सक्छ तर त्यसलाई पुष्टि गर्ने विवरणात्मक, विश्लेषणात्मक र तत्थ्यगत प्रमाणको अभाव हुन पनि सक्छ । अथवा पाटन क्षेत्रमा अरनिकोको जन्म भएको भए शायद त्यसबारे अहिले सम्ममा प्रमाण जुटाउन असजिलो पर्ने थिएन होला, प्रमाण सजिलै प्राप्त हुन सक्थ्यो होला । त्यसकारण यो विषय र प्रसङ्गमा सत्य तथ्य के हो ? भविष्यमा यसबारे वैज्ञानिक खोज अध्ययन र त्यसबाट आधिकारिक निष्कर्ष आउने नै छ भन्ने विश्वास लिन सकिन्छ ।

### १.२.१.३. अरनिकोको जन्म स्थानबारे भक्तपुर एक प्रसङ्ग

उपन्यासकार मनुजबाबु मिश्र लगायतका कतिपय स्रोतहरुले अरनिकोको जन्म स्थान भक्तपुर रहेको हुन सक्ने अनुमान गरेका छन् । यसप्रकार साहित्यको आँखाबाट हेरी अरनिकोको जन्म भक्तपुर रहेको होला भन्ने संकेत गर्दै अर्का साहित्यकार तारानाथ शर्माले आफ्नो धारणा प्रस्तुत गर्नुभएको पाइन्छ । यसरी ऐतिहासिक व्यक्तित्वहरुको पहिचानलाई इतिहासकै आँखाबाट हेर्नुपर्छ, त्यस्ता संवेदनशील विषयहरुलाई साहित्यको आँखाबाट हेर्दा यर्थाथ टुङ्गोमा पुग्न त्यति सजिलो नहुन सक्छ । यद्दपि अरनिकोको वास्तविक जन्म स्थान शायद् भक्तपुर पनि हुन सक्छ, त्यो बेला काठमाण्डौ पनि भक्तपुरकै राज्य अन्तर्गत थियो भनेर कतिपय स्रोतहरुले उल्लेख गरेका छन् । त्यो भएर व्यावहारिक उपमाको लागि उपन्यासकार मिश्रले त्यसलाई साहित्यिक उपन्यासको पात्रका रुपमा ढालेको पनि हुन सक्छ, आदि आदि । यस विषयमा तारानाथ शर्माको लेखले यसो भन्छ :
*'अनिको भक्तपुरकै होलान् र ती राजकुलका नभएर कलाकार कुलकै बौद्ध उपासक होलान् । तिनी आफ्नी नेपाली पत्नी जयतलक्ष्मीलाई यहीं छाडेर चीन गएका थिए र चीनका सम्राटबाट आफ्नो मृत्युपछि 'मिङ होई' (जिउँदो प्रतिभा) भन्ने पदक पाएका थिए'* (शर्मा २०६२ : ६) ।

लेखक शर्माले मिश्रको उपन्यासलाई स्मरण गर्दै लेखमा यसरी प्रस्तुत गर्नु भएको छ : *बलबाहु भावुकतावश अनिकोका लागि अनुमान गरिएको काल्पनिक नाम हो । पालेपाउ वा पालेपाओ शब्दले पाल्पा, पाटन वा पनौती जस्ता सस्याना स्थानविशेषलाई बुझाउँदैन ।*

*नेपाल शब्दलाई नै पुरानो तिब्बती वा चिनियाँ भाषामा पालेपाउ भनिन्थ्यो । अनिको मल्ल राजपरिवारका सदस्य थिएनन्, राजपरिवारले रुचाएका र प्रशंसा गरिएका बौद्ध धर्मावलम्बी किसानका कलाकार छोरा थिए अर्थत् उनी ज्यापू परिवारका प्रतिभावान व्यक्ति थिए ।...माथि लेखिएका कुर ह्दयङ्गम गरेर नै होला आफ्नो स्वप्नसम्मेलन नामक उपन्यासमा मिश्रले आफ्नो प्रमुख पात्र अनिकोलाई भक्तपुरका ज्यापूका रुपमा प्रस्तुत गरेका होलान* (ऐजन) । यद्दपि अरनिकोको जन्म भक्तपुर हुन सक्छ भन्ने कोणबाट हेर्नेहरुका लागि यो एक प्रतिनिधिमूलक विचार हुन सक्छ ।

## १.२.१.४. अरनिकोको जन्म स्थानबारे काभ्रेको, बनेपा, पनौती एक प्रसङ्ग

केहि स्रोतहरुले अरनिकोको जन्मस्थान बनेपा रहेको हुन सक्ने अनुमान गरेका छन् । केहि कलाकृतीको आधारबाट अरनिकोको जन्म बनेपा रहेको होला भन्ने प्रस्तुत गर्नुभएको पाइन्छ । यसरी ऐतिहासिक व्यक्तित्वहरुको पहिचानलाई यर्थाथ टुङ्गोमा पुग्न त्यति सजिलो नहुन सक्छ । बनेपाको सन्दर्भमा लाएकु दरवारको पर्खाल हुनसक्दछ । यस पर्खाल सन्दर्भमा दीपक सापकोटाको लेखमा *''आज बनेपाली इतिहासकार प्राध्यापक केदार नाथ प्रधानका 'नवीन दृष्टिमा नेपालको प्राचीन इतिहास (२०५४) र बनेपाको रुपरेखा (२०५६)' पुस्तकले मेरो लकडाउन बेललाई प्राचीन कलाकर्मी र वास्तुकलको परिवेसमा लगिदिए । सँस्कृती अध्येता सत्यमोहन जोशीको 'कलाकार अरनिको (२०४४)'शीर्षकको पुस्तकले अरनिकोले चीनमा बनाएको दरबारबारे भन्छ - बनेपाको लायकु दरवारमाथि स्पष्ट पार्दैन । तर, प्राध्यापक प्रधानले आफ्नो किताब 'बनेपाको रुपरेखा ( २०५६)' मा बनेपा र अरनिकोसम्बन्धि त्यो सन्दर्भलाई 'जनश्रुती' भनी लेखेका छन् । उनी लेख्छन, यहाँ सुनिने जनश्रुतीअनुसार अरनिकोले नौतले दरबारको नमुना चीनमा बनाएका थिए । तर, यहाँको दरवारको नमुना बनाएको हो वा होइन भन्नेबारे थाहा पाइएको छैन (पृष्ट ६३) । तर, ज्ञानकाजी मानन्धर भन्छन्, 'मैले यो जनश्रुती सुनेको छैन । यो जनश्रुती पुष्टि गर्ने प्रमाण पनि छैन''* (सापकोटा, लायकुको अन्तिम पर्खाल) । यसरी अरनिकोको जन्म स्थानको प्रसङ्ग नियाँल्दा बनेपा हो वा होईन भन्ने निश्चय गर्न सक्ने ऐतिहासिक, पुरातात्विक आधार, प्रमाणहरुको अभाव देखिन्छ ।

*...एक-दुई जनाले भने त्यतिबेला पाटन र काठमाण्डौ त भक्तपुरकै राज्य अन्तर्गत थिए र भक्तपुर, नेपाल उपत्यकाका मल्लहरुको राजधानी थियो भनी पालेपाओ लाई पनौतीको पुरानो नाम मानी अनिकोको जन्मस्थल पनौती भएको अनुकल्पना अघि सारे । यस्तो व्यक्तिमा कलाकार मनुजबाबु मिश्रको नाम अग्रस्थानमा छ । उनले आफ्नो स्वपन्सम्मेलन उपन्यासमा अनिकोलाई मुख्य पात्र बनाएका छन र तिनलाई भक्तपुरमै जन्माएका छन्* ( ऐजन) । लेखकले यहाँ प्रष्टै भन्नु भएको छ कि अनिकोको जन्मस्थल पनौती भएको

अनुकल्पना अघि सारे । त्यसकारण मानिसको जन्म स्थानलाई पुष्टि गर्न यस खालका स्रोतहरु प्रमाणयोग्य हुँदैनन् ।

केही लेखकहरुले अरनिकोको जन्मस्थान पनौती रहेको भनी लेखेका छन् । पनौती पुरानो शहर भएको हुँदा हचुवाको भरमा प्रस्तुत भएको जस्तो देखिन्छ किनकी यसो भन्नुमा पनौतीका कलाकार के के कर्माचार्यले बि.सं. २०२९ मा अरनिकोको हुलाक टिकटको चित्र कोरेका थिए ।

### १.२.१.५. अरनिकोको जन्म स्थानबारे काभ्रको, खोपासी एक प्रसङ्ग

*'अरनिकोको न्वारनको नाम हो बलबाहु । यी राजा अभयदेवका पालाका हुन् । अरनिकोको बाबु बलदेव अभयदेवको सेनाका विश्वासीला पात्र थिए । उनको जन्म ई. १२४६ तिर भएको तथ्य छ । तर, उनको जन्मथलोका बारे भने विवाद छ'* (घिमिरे, २०६२ ) । *सत्यमोहन जोशीले अरनिको पाटनका हुन भन्नुभएको छ । नारायणप्रसाद श्रेष्ठले पाल्पाको । त्यसैगरी डिल्लीरमण रेग्मीले काभ्रे खोपासीकै ज्यापूको परिकल्पनामा मूर्ति तयार पारिएको हो* ( ऐजन) । ... *सुनसरीका ३५ वर्षीय वनेम नेपाली बजारमा चर्चाको नाम होइन तर उनी खारिएका कलाकारहुन । प्रसिद्ध ब्यक्तित्वलाई चित्र वा मूर्तिमा उतार्न पाउनु गौरवको कुरा हो', भन्छन् । प्रतिमाको तौल लगभग हजार किलोग्राम छ । सिमेन्टबाट बनाइएको हो । जोशीका अनुसार प्रामाणिक र यथार्थपरक बनाउन खोजिएको यो प्रतिमा विश्वकै लागी महत्वपूर्ण छ । खुसिको खवर - यो प्रतिमा मिश्रले पुरानो बानेश्वरस्थित गुरुकुल थिएटर स्कूललाई सुम्पिएका छन् । त्यहि हेर्न पाइन्छ (ऐजन) । (दायाँ कलाकार अरनिको र उनले चीनमा बनाएको चर्चित चित्र* https://www.himalkhabar.com/news/115324*)* भनिन्छ यहि चित्रको आधारमा वनेमले अरनिकोको मूर्ति बनाए ।



अहिलेसम्मका स्रोत र तथ्य प्रमाणहरुका आधारमा हेर्दा अरनिकोको जन्म स्थान यहीँ हो भनेर किटान गर्ने अवस्था देखिदैन । त्यस्तो नदेखिए पनि अनुसन्धानकर्ताहरुलाई अरनिकोको जन्म स्थान बारे प्रवल सम्भावना रहेको पाटन क्षेत्रमाथि बढी विश्वास रहन गएको बुझिन्छ । यी मध्येका एक प्रतिनिधिमूलक अनुसन्धानकर्ता गणेशकुमार जिसी जसले अरनिको सम्बन्धी विषयमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि शोध गर्दै आउनु भएको छ । वहाँको तीर पनि पाटन क्षेत्रतिरै सोझिएको जस्तो लाग्छ । तर यसबारे पनि ठोस ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक प्रमाणहरुको अभावमा वहाँले लेख्नु भएको एक अनुसन्धानात्मक कृति 'अरनिको एसिया एक प्रस्तावना' मा खुलेर लेख्न भएको जस्तो पाइँदैन । अत: वहाँले अरनिकोको जन्म स्थानको प्रवल सम्भावना पाटन क्षेत्र हुन सक्छ भन्ने

आशय अभिव्यक्त गर्न खोज्नु भएको छ । अनुसन्धानको मोडमा यस्तो पनि फेला परेको पाइन्छ कि सुषुप्त अवस्थामा रहेको सम्भावित अर्को आधारलाई अवलोकन गर्ने हो भने अरनिकोको अनुहार काभ्रे खोपासीका पहरी (उदास : शाक्य जस्तै सुनको काम गर्ने समुदाय) जातिहरुसँग मिल्दोजुल्दो देखिने कुरा खोपासीको स्थानीय जनमानसमा परेको पाइएको छ । यसबारे त्यो क्षेत्रका केही पहरी समुदायका अगुवाहरुसँग कुरा बुझ्दा एक जना ज्येष्ठ नागरिक चन्द्रमान पहरीका अनुसार आफ्ना पुर्खाले भन्दै, सुनाउँदै आएको कुरा स्मरण गर्दै, पहरी कारिगर तथा कामदारहरु राजकुमारी भृकुटीको दाईजोमा गएका र पछि पनि भोट जाने अरनिकोको जन्म खोपासीको यही माझगाउँमा भएको बताउनु भयो । उहाँको भनाइ अनुसार अरनिको संग करिव १०० बास्तुकारहरु गएको भन्ने सुनि आएको बताउनु हुन्छ । त्यसैगरी पनौती नगरपालिका वार्ड नं. १० का वडा अध्यक्ष मोहन बहादुर भण्डारी लगायतका जनप्रतिनिधि तथा स्थानीयवासीहरु (दायाँपट्टि तस्विरमा देख्न सकिन्छ) ले पनि वास्तवमा अरनिकोको जन्म स्थानबारे विभिन्न अड्कलबाजी गरेता पनि पहरी भेषभुषामा सजिएका कलाकार अरनिको खोपासीबाटै चीन प्रस्थान गरेको तथ्य पहरी जनमानसमा रहिआएको अनुभव बताउनु भएको छ । डिल्लीरमण रेग्मी, मनुजबाबु मिश्र, विश्व उलक आदिले पनि अरनिकोको जन्म काभ्रेको खोपासीमा भएको दाबी गरेको हुन सक्छ । साथै अरनिकोको जन्म स्थानको बारेमा गरिएको एक सर्वेक्षण प्रश्नोत्तरको नतिजा अनुसार अरनिकोको जन्म खोपासीमा भएको भनी मत जाहेर गर्ने ३३.३३ प्रतिशत उत्तरदाताहरुको यो परिणाम हेर्दा यसलाई दोस्रो सबैभन्दा बढी प्रतिशत उत्तर आएको मत परिणामको रुपमा लिन सकिन्छ । अरनिकोको बाबु, बाजे, आमाको नामलाई चिनियाँले अनुवाद गरेको भाषाको आधारमा पनि ती अनुवादित नामहरु पहरी समुदाय, नेवारी समुदाय वा अरु कुनै समुदायको भाषासंग मिल्दोजुल्दो हुन सक्छ या सक्दैन, त्यो भने अनुसन्धानकै विषय छ । किनकि अरनिको चीनमा गइसकेपछि पक्कै पनि चिनियाँहरुले अरनिकोको पुर्खाहरुको चासो राखेको हुनु पर्छ र अरनिकोले आफ्नो वंशावली चिनियाँहरुलाई बताउनेक्रममा ती भाषाहरुको स्थानीयकरण गरी अनुवाद गरेको हुन सक्ने भएकाले यसबारे थप अध्ययन गर्न आवश्यक देखिएको छ । प्राचीन व्यापारिक मार्ग खोपासीदेखि चीन र भारतसम्म भएका र खोपासीबाटै काभ्रेका अन्य विभिन्न ठाउँहरु, सिन्धुपाल्चोक, दोलखा, मकवानपुर र सर्लाही जिल्ला लगायतका अन्य भूभागहरुमा प्रशस्त पहरी बस्ती रहेको र पहरी समुदाय ढलौट र ढुंङ्गाको मूर्तिकलामा (हाल सम्मन पनि दाङ्घाटका पहरीहरु ढुंङ्गाको कामहरु गर्दै आएका छन्) पनि प्रवीण भएकाले अरनिको पहरी समुदायको हुन सक्ने सम्भावना रहेको स्थानीय जनमानसमा व्याप्त छ । यस सम्बन्धमा खोपासीका निम्न बस्तुपरक किंबदन्तिहरुले समर्थन गर्दछन्:



- खोपासीमा मानव बस्तीको सुरुवात कहिलेबाट र कुन जातीबाट भयो भन्ने एकिन नभएपनि नेपालमा किरातहरुको उदय पूर्व नै भएको र यहाँ कृषी तथा पशुपालन ब्याबसाय रहेको तथा कपदाहरु बुन्ने र बिक्री गर्ने रहेको भनाई रहेकोछ । यहाँ बसेका समुदायमा **"पहरी"** पुराना हुन । यीनीहरुको सस्कृती, संस्कारहरु जस्तै, भूमी पुजन, हिलेनाच, देवीहरुको पुजन द्रौपदा माई, ललिता माई, कमला माई आदीले पुराना बासिन्दा देखाउछ ।
- यस स्थानको उत्पादनबारे जाकारी पाएर हिन्दुस्तान, कौशलका ब्यापारीहरुका साथ ब्यापारको सिलसिलामा बनारस, काशीबाट आएका १० जना आर्यन दाजुभाईहरु मध्ये ५ जना यस बस्तीमा बसेका र ५ जना ल्हासा गएका थिए । *"The Limbus have an expressive legend about their origin. They came to decend from a family of ten brothers who emigrated from Banaras (Kasi), their fatherland, and came to settling Nepal and Tibet. The brothers who established themselves in Tibet later rejoined those of Nepal, but their descendants maintained the normal division in Kasi-gotra and Lhasa-gotra" (Levi 1908. History of Nepal Part I P.23).* खोपासीमा मानव बस्ति कहिले देखी बस्यो भन्ने एकिन नभएपनि किंबदन्ति र केही बस्तुपरक तत्थ्य अनुसार पाण्डव गुप्तवास तथा ऐतिहासिक नेपाल सरकारको अनुसन्धान अनुसार औद्योगिक केन्द्र थियो *"In ancient time, various higher quality clothes like Tramlipti, Sindha, Shovir, etc. were on demand in India and this fact is written in Jain mythological reference Brihat Kalpasutravasya. Studying the ancient sculptures/idols of Nepal also lets to conclude that different kinds of quality dresses were produced here quite abundantly as those were clothed with unique dresses like Dhoti, Cholo, Pachheura. Indian market had highly soaring demand for it. Kurpashigram (Khopasi in Kavrepalanchowk, at present), and Thankot Dahachowk consisted of factories for producing clothes in the era. Experts believe that factories were present at Thankot Dahachowk form the time of Kirat rule too. Certain tariff was imposed on producing and trading clothes from the time of Kirat itself. Tariff imposed on clothes at that time used to be called Chokhpara" (Dr. Dahal, 2019 AD, p.46)* । किरात कालमा कुर्पासीबाट उत्पादन भई निर्यात हुने सामाग्रीमा कर लगाईन्थ्यो जसलाई "चोखपारा" भनिन्थ्यो ।
- किरातहरु धर्ममा उदार तथा कुटनितीमा राम्रा थिए । उनिहरु हिन्दु (शिव उपासक) धर्मका अनुयायी भएपनि बौद्ध धर्मलाई पनि त्यतिकै आदर गर्थे । यीनीहरु शिवमार्गी भए पनि जनताको जिवनयापनको कदर गर्दै अन्य देव देवीहरुको पनि त्यतिकै सम्मान, प्रार्थना गर्दथे । हिन्दु धर्मालम्बिहरुको कदर गर्दै दरवारलाई देवादी देव महादेवको बासस्थान "कैलाश" को संज्ञा दिएका थिए भने बौद्ध धर्मालम्बिहरु तथा महाचीन संगको ब्यापार संतुलनमा चीनबाट ल्याएको "अमिताभ बुद्ध" को मूर्ती चैत्य बनाई बुद्धधर्मको पनि ठूलो सम्मान गरेका भनाई रहेको छ । किरात शासकहरु खोपासीबाट काठमाण्डौको

गोकर्णमा सरेपछि आफैले मगधबाट ल्याईएका ठकुरी जातका प्रशासक बर्माहरुलाई खोपासीको प्रशासन जिम्मा लगाएका थिए । लिच्छवी कालमा पनि खोपासीको प्रशासकमा बर्माहरु नै कायम भए । *"Thakuri administration was continued in Khopasi after the departure of Kirats to Gokarna of Kathmandu. One of the renowned administrator of Lichhavis dynasty in Khopasi was Amshuvarma, son of Manvarma from lunar race was the follower of Vaishanavism respect to Buddhism and strong devotee of Shiva established the Thakury Dynasty in Nepal". (Ulak 2014 AD, Journal of Tourism and Hospitality Education, p.64).* पाँचौ शताब्दीमा लिच्छवी राजा मानदेव प्रथमले किरतकालमा स्थापित अमिताभ बुद्ध चैत्यको लागी धेरै नै जमिन, अन्य धनरासी र अन्य स्थानमा जस्तै बज्राचार्य ( यिनिहरुलाई लिच्छवी पनि भनिन्छ) जातका पुजारी सहित गुठीको बन्दोबस्त गरिएको थियो । गुठी संस्थानको श्रेष्तामा अझै पनि १४१-१५-० रोपनी रहेको पढन सकिन्छ (धेरै जग्गाहरु पनौती जलबिद्युत योजनामा परे पनि गुठी संस्थानले आफ्नो श्रेष्तामा अद्याबधिक गरेको छैन) ।

- अंशुबर्माको पालामा खोपासीमा धेरै प्रकारका कलाकारहरु उत्पादन गरेका थिए । यहाँका कलाकारहरु कर्शापना प्रणालीबाट अंशुबर्माको नाम माहाराजधिराज राखी सुन र चाँदीका मुद्रा मुद्रण गराएका थिए । *"A gold plate inscription, containing the word "Vidya" in the Kutila script, has been found in Khopasi (East No. 1). This indicates that gold and silver coins were minted during the Licchavi period according to the Karshapana system. Under that system, sheets of gold and silver were cut into pieces, each of which was inscribed with letters or symbols. Since these coins were made largely by hand, the services of many artisans were needed to bring them into circulation." (Joshi, 1976, p. 41). यहाँका पहरी जातका कलाकारहरु हिन्दु र बौद्ध धर्म सहित जिवन चक्र झल्कने बुट्टा तथा नक्साहरु भरि झल्लरी छाता बनाउथे । काठ र ढुंगामा राम्रा राम्रा कला कौशल कारीगरिता कोर्थे । बटुवा तथा ब्यापारीहरुलाई सहजताको लागी पुराना पाटीहरुको मर्मत तथा नपुग स्थनमा नयाँ पाटीहरुको निर्माण गरेका थिए । कारीगरिता र उत्तर-दक्षिणको ब्यापारले अंशुबर्माको पालामा खोपासीले बिकासको उचाई छोएको थियो । खोपासीको ईतिहासमा यस अवधीलाई स्वर्णयुग पनि भनिन्छ । उनले बस्तु आयात निर्यातमा मात्र नभै अन्य सेवा सुबिधामा पनि कर उठाई राज्य कोष लाई बलियो बनाएका थिए" (उलक २०७८, मध्यमार्ग साप्ताहिक, काभ्रे)।* पहरीहरु धातुको सामाग्रीहरुको निर्माण, घर, मन्दिर निर्माण तथा कलाकारिताको अलावा ब्यापार पनि गर्दथे । ब्यापारको शिलसिलामा खोपासीबाट कोदारी र लाप्चा तथा खोपासीबाट जनकपुर र बिरगंज जाने बाटोमा पहरीका पुराना बस्तीहरु छरिएर रहेकाछन् । पहरीबस्ती बसेका वरपरका स्थानहरुको घर, मन्दिर, पाटी, पौवा, धारा र इनार आदीको निर्माण तथा मर्मत सम्भारको काम पहरीहरुले नै गरिआएका छन् । उदाहरणको लागी, खोपासी, साठीघर (पलाञ्चोक), झरुवारासी आदी ।

- *"भृकुटी माग्न तथा लिन सम्राटले आफ्ना दुतहरुका टोली पठाएका थिए । उक्त टोलीको नेतृत्व मन्त्रि गार टुङ्सेन युल्सुङ्ले गरेका थिए । निर्वासित राजा उदय देवले सम्राटको माग लाई सहर्ष स्विकारे । बिबाहको लागी ल्हासाबाट सम्राट श्रङ्चङ्ग गम्पोले पठाएका भारदारको जिम्मामा उनको बिदाई खोपासीबाट भएको थियो । खोपासीका पहरी जातका कलाकारहरुले सुन, चाँदी, तामा आदीका धातुहरु तथा काठ, बाँस, निगालो र कपडामा बिभिन्न हिन्दु र बौद्ध धर्म झल्कने कलाकृती सहितका प्रसस्त सामाग्रीहरुको साथमा बुद्धका जिवन चक्र सहितका सातवटा झल्लरी छातासहित हात्तीमा दाईजो राखेर बिदाई गरेका थिए ।* साथमा पहरी कलाकारहरु र कामदारका रुपमा गएका थिए भनाई रहेकोछ *। उनलाई खोपासीबाट साँखु लगी बज्रयोगिनीमा परिक्रमा सहित सिंदुर चढाई ऐतिहासिक धार्मिक मार्ग गोसाईकुण्ड, रसुवागढी हुँदै केरुङ्गमा बाजागाजा सहित भब्य स्वागतगरी सिगात्सेको बाटो भएर ६ महिना लगाएर अर्को बर्ष सन ६३२ मा ल्हासा पुऱ्याए । हुनत अंशुबर्माको पालामा नै कोदारीमा भन्सार सहितको ब्यापारिक मार्ग बनिसकेको थियो" (उलक २०७८, मध्यमार्ग साप्ताहिक, काभ्रे)*
- खोपासीका पहरीहरु कलाकार र कामदार मात्र होइनन् । उनिहरु बनौटा पनि हुन भन्ने कुरा खोपासीबाट भारत सिमा नाका बिरगंज र जनकपुर केन्द्रित मकवानपुर र सर्लाही तथा चीन सिमा नाका कोदारी र लाप्चा केन्द्रित सिन्धुपाल्चोक र दोलखा जिल्ला भित्र रहेका पहरी बस्तिहरुले प्रमाणित गर्दछ । यस्तै पहरी बस्ति र वरपरका बस्तिहरुको घर, मन्दिरहरुको निर्माणमा उनिहरुको योगदान रहेकोले पहरीहरु कलाकार थिए भन्ने प्रष्टयाउदछ ।
- त्यसैगरी कोभ्रे जिल्लाको पाँचखाल नगरपालिका वार्ड नं. ९ मा रहेको राजा मानदेवकालीन ऐतिहासिक पलाञ्चोक भगवतीको सुन्दर मूर्ति जुन पाचौ शताद्बिमा बनेको र अठारौ शताद्बिमा घण्टसँग पहरी समुदायको प्रत्यक्ष अप्रत्यक्ष सम्बन्ध रहिआएको देखिन्छ । *"कुनै शिक्षा र शिपबारे अध्ययन र अध्यापनको अवसर नपाएका, गरिवी र पछ्यौटेपनमा रुमल्लिएका पहरी समाजको बिद्यमान कलाकारीताबाट पलाञ्चोक भगवतीको मूर्ती बनाउने कलाकार पहरी समुदायका हुन भन्ने बारे दुई मत हुन सक्दैन । प्रमाणको लागी पलाञ्चोक र वरपरका बस्तिहरुको घर, मन्दिर आदि कला कौशलका कामहरु अझै पनि पहरी समुदायहरुले गर्दै आएका छन् । कलाकारले कला कृती कोर्नु भन्दा अगाडी बस्तु हेर्नु वा अध्ययन गरिन्छ । यस अध्ययनमा, अदभूत पहरी कलाकारले आफ्नै समुदायका राम्री युवतीको परिकल्पना गरेको आकलन गर्न सकिन्छ । थप प्रमाणको लागी डाँडा गाउँका राम्रा पहरी युवती र भगवतीको चेहरालाई पनि तुलना गर्न सकिन्छ" (उलक, २०७७, देश सञ्चार)* (माथी पलाञ्चोक भगवतीको मूर्ति) । त्यहाँ चढाएको ५० धार्नीको घण्ट पहरी समुदायले नै तिब्बतबाट ब्यापारमा मुनाफा



गरी कमाएको धन खर्चिएर स्थापना गरेको स्थानीय महेन्द्र मानन्दर बज्राचार्य, राजु थापा लगायतका व्यक्तिहरुबाट थाहा हुन आएको छ । पहरी समुदायले अहिले पनि त्यो मन्दिरमा पुष्प र अन्य पूजाका सामानहरु निरन्तर नित्य चढाउँदै आएको वहाँहरुको भनाइ छ । पहरीको प्रसङ्गमा यहाँ किन यो कुरा उल्लेख गर्नु परेको हो भने खोपासी र पलाञ्चोकका अग्रज व्यक्तिहरुले पलाञ्चोक भगवती मन्दिर, पहरी समुदाय र अरनिकोबीच कुनै न कुनै सम्बन्ध छ, तर यसको विस्तृत अध्ययन अनुसन्धान हुन सकेको छैन भन्ने विवरणका आधारमा यो अनुसन्धानकर्ता त्यसतर्फ गएर केही दिन सांकेतिक रुपमा स्थलगत अध्ययन गरेको थियो । तर यसबारे अझै विस्तृत अध्ययनको खाँचो छ । यति अध्ययनको भरमा अहिले नै केही निष्कर्ष निकालिहाल्न सक्ने अवस्था छैन ।

- *"वि.सं. १४०६ मा मुसलमानले काठमाण्डौ उपत्यकामा आक्रमणगरी ध्वस्त बनाएका मठमन्दिर पलाञ्चोकका शासकले निर्माण गरेको प्रमाण यथेष्ट छन्, त्यसको प्रमाण वि.सं. १४१७ को पशुपतिनाथको जयसिंहराम वर्दनको शिलालेख हो, मुसलमानको आक्रमणबाट वि.सं. १४०६ मा ध्वस्त भएको पशुपतिनाथ मन्दिर र वर्तमानको शिवलिंङ्ग समेत पलाञ्चोकका तत्कालिन शासक जयसिंहराम वर्दनले निर्माण गरेको पशुपतिनाथ भित्रको शिलालेखले पुष्टि गर्छ" (घटना बिचार, २०७८)*
- नरेन्द्र देवले आफ्नो भिनाजु सम्राट स्रङ्ग चङ्ग गम्पोको सहयोगमा २०० तिब्बती सेना तथा भृकुटी र उनिहरुको निर्वासनमा संगै गएका कुर्पासीका केही सहयोगी (पहरी) हरु साथ हालको नाला मुकाम गरि बसे । तिब्बती फौज सहित बसेको उक्तस्थानको नाम "नालिङ्ग" रह्यो र अपभ्रंस हुँदै हाल नाला रहन गयो । तन्त्र बिद्या सिकेर आएका नरेन्द्र देवले नालामा श्रृष्टिकान्त लोकेश्वरको स्थापना गरे जसलाई प्रथम लोकेश्वर पनि भनिन्छ । नालामा बसेर लिच्छवी राजबंशप्रती सदभाव राख्ने र उदयदेवलाई माया गर्ने खोपासी, भक्तपुर तथा अन्य स्थानका बासिन्दाहरुलाई एकत्रित गरे । विद्रोहको वाताबरण तयार भएपछि तिब्बती २०० फौजका साथ करिव २००० स्थानिय (खोपासीका सहित) को सहयोगले काठमाण्डौमा एकै पटक हमला गरि राज्य फिर्तालिए । लडाईमा भक्तपुरबाट राम्रो साथ पाएको हुदाँ उनले राजधानीलाई भक्तपुर सारे । दरवारको भान्सेमा उनका बिश्वासिला पात्र "पहरी" राखेका थिए । *"Accrding to popular legend recounted by ealder members of the community, their ancestoe was a cook in the palace of Newar Raja Bhadagaun …….. the Raja was curius as to how this person would go about cooking such delicious, so sent a minister to spy on him. What the minister saw was that this cook would taste every items and them wipe off his hands on his dhoti. The minister reported to the king. The king then summoned the cook and rebucked him as Phohari or dirty" (Sharma, 1988, p. 215).* पहाडी समुदायहरुमा हरेक कार्यकोलागी कपडा फेर्ने चलन छैन भने तराई बासिन्दाहरु कार्यअनुसार कपडा फेर्ने र नुहाउने गर्दछन् । दरवारबाट भान्साबाट

हटाउनेकाम १३ ह्रौं शताद्विमा तराईबाट आएका हरिसिंह देवको टोलीबाट त भएको होइन ?

- पहरीहरु जातका धेरै हाँगाबिगा भएपनि काम र बसाईको आधारमा खास तिन बर्गमा बिभाजन गरेका छन् क) राज पहरी, ख) पाखे पहरी र ग) खोले पहरी । दरवारमा काम बस्ने राज पहरी, खोला छेउ बस्ने खोले पहरी र डाँडा/पाखा तिर बस्ने पाखे पहरी । ए ग्रामर अफ पहरीमा ओमकार श्रेष्टले पहरीहरुको बर्गीकरण मात्र गर्नु भएकोछ, *"Pahari society is made up of several clans. Most scholars assert the existence of three clans, which include: Raj Pahari (royalty in Nepali), Khola Pahari (stream), and Pakha Pahari (hilly area). Pahari marriages within the same clan are prohibited (Shrestha 2010:15)".*
- *"Some Pahari people of Kavre district tell stories of the ancient days when a Pahari king lived in the area, from whom Pahari people of that area descended. In Kavre, we were shown swords which were said to have been crafted during the time of the Pahari kings. It was also added that Pahari people had at one time known the art of sword craftsmanship, but that the art has since been lost"(Smith, 2022: p.5)* यी भनाइले पहरीहरु आदीबासी हुन भन्ने संकेत गर्दछ साथमा प्रो. सिल्भा लेभिले अरनिको राजपरिवारका थिए भन्ने भनाइलाई समर्थनको संकेत गर्दछ ।
- किबदन्ति अनुसार हालको नरसिंह मठ किरात (बिराट) राजाको निवास थियो । पछि उक्त निवास अंशुबर्माको निवास भएको । सानो परिधी भित्र सातवटा ढुंगे धारा र सातवटा ईनार सहित बिकसित यस क्षेत्र अंशुबर्माको काटमाण्डौ प्रस्थानबाट खोपासीमा ग्रहण लाग्यो । अंशुबर्माको काठमाण्डौ प्रस्थान पश्चात खोपासीको ब्यबस्थापन पहरीलाई छोडेका हुन कि ? सातौ शताद्विमा शंकराचार्यको आक्रमणले खोपासी स्थित अमिताभ बुद्धको चैत्य नष्ट गर्नुकोसाथै अशुबर्माको निवासलाई नरसिंह मठमा परिणत गरे । राम्रा र मूल्यवान सामानहरु लिएर गए । यो क्रम बिभिन्न समयसापेक्ष शासकहरुको परिवर्तन संग संगै निरन्तरता रह्यो । यस मठमा धेरै श्रोत साधनहरु थिए जस्ले यहाँका बास्तुकारहरुलाई निपुण बनाए । अरनिको पनि यस मठका उत्पादन हुनसक्छ । जस्ले चीनमा कलाकारिता र बास्तुकला भन्दा बाहिरीकाम पनि गरे । यस सम्बन्धमा गोपाल भण्डारी लेख्नुहुन्छ*"अरनिको कलाकारमात्र थिएनन् उनी मूर्तिकार र बैज्ञानिक पनि थिए । अरनिकोले दूरविन पनि बनाएका थिए । टेलिस्कोप बनाउने श्रेय ग्यालिलियो ग्यालीलाई दिइन्छ, तर त्यसको सयौं बर्षपहिले यस्तो यन्त्र बनाएका थिए । यो चीनको इतिहासमा लेखिएको छ । अरनिको प्यागोडा शैलीको मन्दिरहरु बनाउने दक्ष कलाकार हुन । अरनिकोले युरोपतिर औद्यौगिक क्रान्ति हुनु भन्दा अगावै आजभन्दा करिव ७६० बर्षअगाडी नेपालका प्राचिन धातुकर्मी र मूर्तिकारहरुले वास्तुकला र मूर्तिहरु निर्माणमा अनेकौं रासायनिक विधिहरुको उच्चतम प्राविधिक ज्ञान हासिल गरिसकेका थिए भन्ने कुराको ज्वलन्त नमूना हो (भण्डारी, साइन्स इन्फोटेक)* । बिसौ शताद्विमा यहाँ बचेका

श्रोत साधन बाट बि.सं. २०१७ सालमा औपचारिक शिक्षा बिना नै विभिन्न प्रतिभा देखाउँदै नर बहादुर भारतीले **रसायन शास्त्र**मा त्रिभूवन प्रज्ञा पुरस्कार प्राप्त गरेका थिए । बचेका श्रोत र साधनले बिसौ शताद्विमा त्रिभूवन प्रज्ञा पुरस्कार प्राप्त गरे भने १२ रौ शताद्विमा त्यहाँको श्रोत र साधन आंकलन गर्न सकिन्छ । यस भवनका पुस्तकहरु तथा अन्य सामाग्रीहरु बिभिन्न शासकहरु तथा ब्यबस्थापक (ठेकेदार) हरुले हत्याए । शाहकालमा संस्थागत रुपमा योगी नरहरी नाथ र डिल्ली रमण रेग्मीले लगे । नर बहादुर भारतीको सहयोगले बि.सं. २०११ सालमा बनारस बाट शास्त्री उतिर्ण गरिआउनु भएका कृष्ण प्रपन्नाचार्य (कष्ण प्रसाद कोईराला) ले युवा समाजसेवी नारायण दास उलक संग मिलेर बि.सं. २००८ मा भन्सार कार्यालय बन्दभई खाली रहेको हर्ष कुमार उलकको घरमा मठमा बचेको किताबहरु ल्याई पुस्तकालय खोले । उक्त पुस्तकालयको नाम "रसायन पुस्तकालय" राखिएको थियो । बि.सं. २०१३ साल माघ ५ गते राजा महेन्द्रको खोपासी भ्रमणमा काठमाण्डौमा रहेका पुस्तकालयहरु भन्दा ठूलो देखेर आश्चर्य मानेका थिएरे । बि.सं. २०१३ पश्चात काठमाण्डौ देखी विद्वान तथा उपल्लोतहका कर्मचारीहरु पुस्तकालयका सदस्य बनेर लाभान्वित भए । तर धेरैले राम्रा पुस्तकहरु फर्काएनन् । अन्तत पुस्तकलयको राम्रो ब्यबस्थापन हुन नसक्दा बि.सं. २०४६ को बहुदलिय ब्यबस्था पश्चात नामो निसान भयो । यस्तै अन्य बाँकीरहेका सामाग्रीहरु पनि नर बहादुर भारतीको देहाबसान पश्चात प्रयोग नहुदा र स्याहार संभार गर्न नसक्दा बिनास भएर गए ।

माथीका बस्तुगत तत्थ्य तथा किंबदन्तिहरु बाट पहरीहरु चित्रकला, मूर्तिकला र बास्तुकलाहरु साथमा रसायन शास्त्रमा पनि दखल राख्दथे भन्ने देखिन्छ र अरनिको उर्फ बलबाहु तथा अन्य कलाकारहरु खोपासीका हुन भन्नेमा थप बल पुग्दछ । नरसिंह मठको महत्व बुझेर नेपाल सरकारको पुरातत्व बिभागले बचेको सानो भाग आ.व. २०७९/८० को बजेटबाट पुनर्निर्माण गरिदै छ । किंबदन्ति र जमिनहरु खन्दा बेलाबखत खोपासी र पस्थली क्षेत्रका केही स्थानहरुमा पाइने बिभिन्न प्राचीन सामाग्री गरेका छन् । तसर्थ खोपासीमा थप अन्वेषण र अनुसन्धानले धेरै तत्थ्यगत प्रमाणहरु उपलब्ध हुने छ । खोपासीको इतिहास बारे यस प्रतिस्थानले अध्ययन गरेको "राष्ट्रिय विभूति राजकुमारी भृकुटी सम्बन्धि अध्ययन २०८०" र विश्व उलकको काभ्रेली गुञ्जनमा प्रकाशित "कुर्पासी, खुपासी, खोपासी" लेखबाट थप जानकारी मिल्नेछ ।

*नेपालका महान कलाकार तथा वास्तुकार अरनिकोको योगदानको सम्झनामा, नेपाल कमर्शियल आर्टिस्ट संघले औपचारिक मान्यतासहित, राष्ट्रिय महत्वको एक महत्वपूर्ण अवसरका रूपमा प्रत्येक वर्ष पौष २३ गते अरनिको स्मृति दिवस मनाउने परम्परा वि.सं. २०५८ सालदेखि सुरु गरेका छन्।*

# अध्याय : दुइ

## २.१. अरनिको चीन जानुको कारण र उद्देश्य

सन १२५५ मा महाभूकम्प गएको केही बर्ष पश्चात ल्हासाको भ्रमण गर्दा जोङखा दरवारमा रहेको भृकुटीका कलात्मक दाईजोहरु बाट प्रभावित चीनिया सम्राट कुब्लाई खाँले गुरु पाहसपा (तिब्बती नाम फारया) लाई तिब्बतमा सुनको स्तूप (चीवहा) बनाउन भनेका थिए । *'युवान सम्राट हो पीले (कुवलाई) ले आफ्नो साम्राज्यको पहिलो वर्षमै आफना गुरु पाहसपा (तिब्बती नाम फारया) लाई तिब्बतमा सुनको स्तूप (चीवहा) बनाउन भनेका थिए । पाहसपाले नेपालबाट एक सय डकर्मीहरु झिकाए । तर नेपाल सरकारले ८० जना मात्र पठायो' (भट्टराई वि.सं. २०१८ : १२५)* । चीनमा केही बुद्धका कलाकृतीहरु बनाउन अरनिको आफ्नो खुशीले भोट चीन जानु भएको थिएन । तत्कालीन चिनियाँ युआन वंशीय शासकको निमन्त्रणामा वहाँ भोट चीन जानु भएको थियो । चिनियाँ शासक र जनमानसमा भगवान गौतम बुद्ध र उपासिका भृकुटीको जन्मभूमि नेपाल परापूर्व कालदेखि नै वास्तुकला, मूर्तिकला, काष्ठकला, हस्तकला आदिमा समृद्ध मुलुक रहेको छाप परेको थियो । त्यसकारण यहाँका कलाकारहरु प्रवीण हुने भएकाले नेपालबाट वास्तुविद्हरु झिकाएर भोट चीनमा तत्कालीन आधुनिक मन्दिर, चैत्य, स्तुप, गुम्बा, विहार बनाउने र त्यस्ता पुराना सम्पदाको पुर्ननिर्माण गर्ने नीति चिनियाँ शासकहरुले अवलम्बन गरे । नेपाली कलाकार अरनिको चीन जानुको मुख्य कारण पनि सोही चिनियाँ नीतिलाई आत्मसात गर्दै, चीनको निर्देशनमा तिब्बतका लागि स्तुप निर्माण गर्न जानु भएको थियो । (दायाँ तिब्बतमा बनाइएको पहिलो चैत्यको तस्विर)



*"कुब्लाई खाँको आदेशानुसार तिब्बतमा साढे २ बर्षमा स्वर्ण चैत्य निर्माण भयो । त्यो काम सकेर टोली नेपाल फर्कने तयारीमा लाग्यो । टोली नेता अरनिकोलाई भने सम्राटका गुरु वागसपाकाले पेकिङ्ग लैजाने इच्छ्या जाहेर गरे (अरनिकोले तिब्बतमा निर्माण गरेको स्वेत चैत्य) । त्यसरी चीनको राजधानी पुगेका अरनिको युआन वंशका सम्राटको आदेशमा श्वेत चैत्य निर्माणमा जुटे, जसलाई नेपाली शैली मिश्रित अद्वितिय वास्तुकला मानियो । यो चैत्य बनाउन ८ वर्ष लागेको चिनियाँ बृत्तान्तमा उल्लेख छ ...... सुवर्ण चैत्य निर्माणको अनुभव हासिल गरेका अरनिकोलाई पेकिङ्गका सम्राटले पहिला एउटा मूर्तिमा टुटेको हात जोडन लगाएका थिए । त्यसमा उनले तत्कालै खुवी प्रदर्शन गरेपछि सम्राटले अर्को उस्तै*

*मूर्ति बनाउन भने । अरनिकोले यस्तो सजिव मूर्ति बनाए कि, जसमा जोर्नी र नशाहरु समेत स्पष्ट देखिन्थे । त्यसपछि सम्राटले उनलाई श्वेतचैत्य निर्माणको बृहत परियोजना जिम्मा लगाए । अरनिकोले चिनियाँ शैली-परंम्परा तथा शैली-परंम्पराको संमिश्रणमा श्वेत चैत्यको ढाँचा तयार पारे । दुई देशको वास्तुकला आत्मसात् गरेको त्यही नक्साको आधारमा विशाल श्वेतचैत्य तयार भयो र तत्कालै चीन, तिब्बत र नेपालमा समेत चर्चित भयो" (अर्याल, २०७८, अन लाइन खवर) ।*

यसबारे अरनिको सम्बन्धी विषयका विद्यावारिधि शोधकर्ता गणेशकुमार जिसीले लेख्नु भएको अनुसन्धानात्मक कृति 'अरनिको एसिया एक प्रस्तावना' मा यसरी उल्लेख गर्नुभएको पाइन्छ : *'तिब्बती बुद्ध धर्मको शाक्य सम्प्रदायका चौथा मूल लामा कुङ्दा ग्यालको स्मृतिमा त्यहाँको शाक्य गुम्बामा स्वर्णस्तुप निर्माणका लागि कुब्लाइखानबाट १२६० को डिसेम्बरमा त्यस सम्प्रदायका पाँचौं मूल लामा फाग्पालाई धर्म गुरु बनाएर तिब्बत क्षेत्रको प्रशासनिक अधिकार सुम्पेको र स्वर्णस्तुप बनाएपछि त्यहाँबाट अरनिको फाग्पाका साथ लागेर मङ्गोल दरबारतर्फ गएको पाइन्छ'* (जिसी २०७९ : २८) । यसरी अरनिको नेपालबाट केही समयका लागि भोट चीन जानु भएतापनि वहाँको अद्‌भूत कलाकारिताले पुरै भोट चीनभरि नै प्रसिद्धी पाएपछि वहाँलाई चीन र मङ्गोल दरबारतर्फ लगियो र त्यतै वहाँको विवाह तथा घरजम भएको थियो । अतः चिनियाँ सरकारले नै वहाँको सम्पूर्ण व्यवस्था मिलाइदिएको थियो ।

*...१२६० को बाह्रौं महिनामा कुब्लाइले शाक्य गुम्बाका लामा फाग्पालाई आफ्नो राजगुरु नियुक्त गरी तिब्बतमा प्रशासकीय अधिकारसमेत सुम्पेको पाइन्छ । यही अधिकारको उपयोग गरेर नै फाग्पाले त्यहाँ स्वर्ण स्तुप निर्माण गर्न नेपालका राजालाई कारिगढको माग गरेको हुनुपर्छ । त्यसो हुँदा राजगुरु नियुक्त हुनुअघि त फाग्पाले नेपालका राजालाई कलाकार पठाइदिनका लागि निस्तो दिने अख्तियारी पाएका थिएनन् होला । अख्तियारी पाएलगत्तै कारिगढ झिकाउने प्रकृया सुरु भएको भए पनि त्यस समय नेपालदेखि तिब्बत पुग्न महिनौं दिन लाग्ने गरेको पाइन्छ । यसो हुँदा १२६० को अन्ततिर नै नेपालमा खबर पठाए पनि नेपालबाट कारिगढहरु भने १२६१ मा तिब्बत गएर काम गरेको देखिन आउँछ* ( ऐजन : ३०) । यसरी चीनका सम्राटले शाक्य गुम्बाका लामा फाग्पालाई आफ्नो राजगुरु नियुक्त गरी चीन र तिब्बतको मैत्रिपूर्ण राजकीय पारिवारिक सम्बन्ध सुदृढ गरेको पाइन्छ । यसबाट धार्मिक साँस्कृतिक सम्बन्ध पनि सुदृढ हुन पुगेको देखिन्छ ।

*आनिकले चीनका सम्राटसँग भेट गर्नेक्रममा सम्राटले आनिकलाई तिमी यति ठूलो देशमा आउँदा डर लागेन भनी सोधे । आनिकले तपाइ साह्रा देशको पालन पोषण गर्ने हुनाले दुनियाँको बाबु जस्तै हुनुहुन्छ । अनि छोरो बाबुकहाँ आउँदा केको डर भनी जवाफ दिए । फेरी सम्राटले तिमी किन चीन आएको भनी सोद्धा आनिकले मेरो घर नेपाल हो ।*

*भोटमा सुवर्ण स्तूप बनाउन आएको थिएँ । दुई वर्षमा सो काम सके । त्यहाँका फौजले ( चान सर गरेपछि मंगोल समूहले भोटमा पठाएको फौज) दुनियाँलाई ज्यादै दुःख दिएका छन् । दुनियाँलाई सहिन सक्नु भएको छ । सरकारमा बिन्ति पुगेमा दुनियाँको दुःख हट्न सक्छ भन्ने विश्वासले दश हजार लीको बाटोलाई टाडा नसंझी दुनियाँको केही भलाई गर्न सक्छु कि भनी यहाँ आएको हुँ भनी चीन जानाको कारण बताए । अनि सम्राटले उनको योग्यता के छ भनी प्रश्न गर्दा मैले आफ्नो दिललाई गुरु राखेर केही चित्रकला र मूर्तिकलाको कुँद्ने र ढालने काम सिकेको हुँ भने* (ऐजन : १२६-१२७) । यसरी अरनिको चीन जानुको कारण स्पष्ट हुन आएको छ ।

## २.२. अरनिकोले भोट चीनमा गइ कलाकृतिमा दिनु भएको योगदान

वास्तुविद् अरनिकोले भोट चीनमा आफ्नो उन्नत स्तरको वास्तुकलाका नमूनाहरु निर्माण गरेर इतिहासमा कहिल्यै नमेटिने नाम राख्न सफल हुनु भएको पाइन्छ । 'चीन र त्यससित नेपालको सम्बन्ध' कृतिले यसो भन्छ : *८० जनामा पनि तिब्बतमा चीवहा बनाउन आँट गरी नाइके बन्ने कुनै मानिस पाइएन । आनिक त्यसवेला केवल १७ वर्षका थिए । तर पनि आँटिला भएकाले उनले 'म नाईके बन्छु' भनी भने* (भट्टराई २०१८ : १२६) । *उनले नाइके बन्छु भन्दा साना केटा संझी अरुले होच्याए जस्तो गरेको देखि आनिकले मेरो उमेर सानो भए पनि दिल सानो छैन भन्ने जवाफ दिए । सो सुनेर सबै छक्क परे अनि उनलाई नाइके बनाइ काम गर्न मञ्जुर गरे । उनीहरुको डफ्फा भोट गयो । भोटका धर्म गुरु एवम् शासक पपाहसपाले अरनिको नेतृत्वको टोलीलाई तुरुन्तै सुवर्ण स्तूप बनाउने आज्ञा दिए* (भट्टराई २०१८ : १२६) । यसरी चीनबाट तिब्बतमा आइ सुवर्ण स्तूप बनाउने कार्यमा अरनिको ८० जना टोलीको नाइके हुनु भएको थियो । अरनिकोले तिब्बत पुगेको दोस्रो वर्षमा निर्माण पुरा गर्नुभएको सुवर्ण चैत्य बनाएको देखेर अरनिकोको प्रतिभाबाट प्रभावित भएका तिब्बती धर्मगुरु एवं शासक पाहसपाले अरनिकोलाई चीन सम्राट समक्ष हाजिर गराए । यसरी अरनिकोले तिब्बतको त्यो स्वर्ण स्तुपा इ.सं. १२६१ मा तिब्बत गएपछि २ वर्ष लगाएर निर्माण गरेको देखिन आउँछ । अरनिकोलाई नेपाल फर्कने चाहना हुँदाहुँदै पनि चीनका सम्राटले उनलाई चीनमा नै सम्पूर्ण व्यवस्था मिलाई घरजमको प्रबन्ध गरिदिए । अरनिकोको कर्मथलो चीन बन्यो । यसरी उच्च स्तरका व्यक्ति नेपाली अरनिकोको पहिचान महाचीन (भोट), चीनमा संरक्षित भएको हो । यसरी अरनिकोले चीन (तिब्बत) भूमिलाई कर्मथलो बनाएर योगदान दिएका कारण वहाँको पहिचान चीनले अक्षुण्णरुपमा संरक्षण गर्दै आएको छ । यसले तत्कालीन भोट चीन, नेपाल त्रिपक्षीय सम्बन्ध बलियो बनाएको पाइन्छ । त्यो सम्बन्धको मूल कडी अरनिको हुनुहुन्छ । यसरी अरनिको भोट चीन जानु भइ कलाकारिताको क्षेत्रमा अमूल्य योगदान दिनुभएको थियो, जसले त्यहाँको आवश्यकता पूर्तिमा कुनै कमीकमजोरी हुन दिनु भएन ।

*चिनियाँ सम्राटले आनिकलाई ठूलो मूर्ति देखाएर भने यो आनफु भन्ने दर्जाको वाङची भन्ने मान्छेको हातले सुङ साम्राज्य कालमा दिएको उपहार स्वरुप चीनमा आएको हो । यो धेरै पुरानो भएकोले बिग्रेको छ । यहाँ कसैले मरमत गर्न सकेन । तिमी सक्छौ कि भनी सोधे । आनिकले कोशिस गर्न पाउँ भनी काम सुरु गरे । च युवानको दोस्रो वर्षमा सो मूर्तिको मरमत र त्यसै नयाँ मूर्ति बनाएर प्रस्तुत गरे । अरनिकोको काम देखेर चिनियाँहरु छक्क परे । उनले चीनमा असंख्य मूर्तिहरु बनाए । पैचिङ र नानचिङका धेरैजसो मन्दिरमा अरनिकोले बनाएका मूर्तिहरु राखिए । आनिक मूर्तिकला विद्हरुको प्रमुखको पदमा नियुक्त भए* (भट्टराई वि.सं. २०१८ : १२७ र १२८) । यहाँ उल्लेख भए बमोजिम बाहेक पनि अरनिकोले चीनमा अन्य धेरै साना ठूला मूर्तिहरु बनाउनु भएको पाइन्छ ।


*पहिला उनले मिङथाङ शालामा राखिएको चन् चियाउ (आकु पन्चर) कामका लागि बनाइएको ताँबाको मूर्ति मर्मत गर्ने अभिभारा लिए । आनिकको डिजाइन अनुसार अहिलेको पेकिंगको म्याउयाङ विहारको पाइथा (श्वेतचैत्य) निर्माण भएको पाइन्छ । आनिकले तातु अर्थात् पेकिङमा श्वेतचैत्य महाविहार पनि बनाए* (जोशी २०४४ : ७१) । अरनिको तिब्बतबाट चीन गइसकेपछि तत्कालीन युवान राजधानी बेइजिङ (तातु) मा इ.सं. १२७१-इ.सं. १२७९ सम्म ८ वर्ष लगाएर त्यो स्वेत स्तुपा बनाउनु भएको पाइन्छ (जिसी २०७९ : १३) । स्वेत चैत्यलाई ह्वाइट प्यागोडा वा ह्वाइट ड्यागोवाको नामले पनि चिनिन्छ । अरनिकोले इ.सं. १२७० मा 'चङ्क्व रेन्वाङ श' नामको राज्यको रक्षार्थ राजाको मन्दिरका रुपमा यसको निर्माण गरेपछि विभिन्न समयमा राज्यको आवश्यकता अनुसार चीनका विभिन्न ठाउँहरुमा बौद्ध विहारहरु बनाउनु भएको पाइन्छ ।  यसरी अरनिकोले जीर्ण र पुराना मूर्तिहरुलाई पनि पुर्ननिर्माण गर्ने कार्य गर्नुभएको पाइन्छ । इ.सं. १२७४ को तेश्रो महिनामा 'ता हु क्व रेन्वाङ श' नामक राज्यको रक्षार्थ बेइजिङको पश्चिमतर्फको काओलिङ भन्ने स्थानमा अर्को बौद्ध विहार पनि बनाउनु भयो । इ.सं. १२७६ मा बेइजिङबाट ६० किलोमिटर दक्षिण पश्चिमतर्फ 'चो चौ' बौद्ध विहार बनाउनु भयो । 'चेङ्नान श' मन्दिर, इ.सं. १२८३ मा 'सिङ च्याओसी' विहार र इ.सं. १२८८ मा बेइजिङमा 'ता सेङ शौ वानान् श' मन्दिर बनाउनु भयो । त्यसैगरी अरनिकोले इ.सं. १२९५ 'साङ ह्याङ म्याओ' मन्दिर, इ.सं. १२९५ मा नै चोङचेन वान शाओकोङ' नामको ताओ मन्दिर बनाउनु भएको पाइन्छ । इ.सं. १२९६ मा उथाइसानको दक्षिण पर्वतको फेदमा वाङशेङ यौ कोशी' नामको मन्दिर र इ.सं. १२९६ मा नै उथाइसानकै उत्तरी पहाडमा अर्को 'बौद्ध मन्दिर' बनाउनु भयो । वहाँले इ.सं. १३०२ मा 'चिसौ मन्दिर', इ.सं. १३०४ मा 'तोङ ह्जा युवान्सी' मन्दिर र इ.सं. १३०५ मा शङ शौ बानान् श बौद्ध विहार बनाउनु भयो । अरनिकोले आफ्नो जीवनकालमा ९ वटा बौद्ध महाविहार, २ वटा मन्दिर र ताओमतको एउटा मन्दिर निर्माण गर्नुभएको तथ्यलाई अरनिकोसँग सम्बन्धित विषयमा विद्यावारिधि शोधकार्य गरिरहनु भएका गणेशकुमार जिसीले वाङ होङ वेको निष्कर्ष उधृत् गर्दै आफ्नो अनुसन्धानमूलक पुस्तक 'अरनिको एसिया एक

प्रस्तावना' मा उल्लेख गर्नु भएको पाइन्छ (ऐजन : २०) । अरनिकोले भोट चीनमा अतुलनीय योगदान दिनु भएको तथ्य इतिहासमा अमिट छाप बनेर बसेको छ ।


*"अरनिकोको टोलिले तिब्बत र चिनमा सुनको जलप भएका अनेकौं रंगले रङ्गिएका पुराना मूर्तिहरु लाई कुशलतापूर्वक सुन र पारोटको रासायनिक प्रयोग बाट जीर्णोद्वारगरी युरोपतिर औद्योगिक क्रान्ति हुनुभन्दा अगावै आजभन्दा करिव ७०० बर्ष अगाडी बैज्ञानिक ज्ञान भएको तत्थ्यतालाई प्रमाणित गरेकोछ । उनले आफ्नो जिवनकालमा तामा, जस्ता र पित्तल आदी धातुबाट मिश्रीतधातु बनाउने, ती धातु मिश्रीत हुँदा हुने गुण र मूर्ति ढलान गर्ने उच्चकोटीको ज्ञान हासिल गरी त्यसलाई ब्याबहारमा प्रयोग गर्ने, मैनको मूर्ति बनाउँदा आवश्यकहुने पुरानो तालमान (आवश्यक अनुपात) र मूर्ति लक्षणको पूर्णज्ञान लिई कार्य गर्ने गरेकाले उनलाई चित्रकला, मूर्तिकला र वास्तुकलाको विलक्षण सीप भएको वैज्ञानिक पनि भनिन्छ"*
https://ne.wikipedia.org/wiki/%E0%A4%85%E0%A4%B0%E0%A4%A8%E0%A4%BF%E0%A4%95%E0%A5%8B

## २.२.१. भोट चीनमा बौद्ध धर्मको विकास र संरक्षणमा अरनिको एक प्रसङ्ग


वास्तवमा माथिको उप-शीर्षक नं. २.२ मा उल्लेख भए बमोजिम अरनिकोले निर्माण गर्नु भएका बौद्ध विहार, चैत्य, मन्दिरहरु नै भोट चीनमा बौद्ध धर्मको विकास र संरक्षणका लागि गर्नुभएका अभूतपुर्व कदमहरु हुन् । त्यति मात्र होईन, अरनिकोले बौद्ध ग्रन्थको अध्ययन गर्नु भयो । त्यसबाट वहाँले बौद्ध धर्मको सार बुझ्नु भयो । त्यही सिलसिलामा वहाँले चीनमा थप चित्रकला, मूर्तिकला र बौद्ध धर्मको व्यवहारिक ज्ञान र सीपको बारेमा विशेष रुची राख्दै आफ्नो कलाकारितामा निखार ल्याउनु भयो, जसले भोट चीन क्षेत्रको कलाकारिताको विकासमा अव्वल बनायो । कलाकार अरनिकोले बौद्ध स्तूप, चैत्य आदिको निर्माण र पुनर्निर्माण गरेर बौद्ध धर्मप्रतिको श्रद्धा र आस्थालाई अक्षुण्ण राख्ने काम गर्नु भएको छ । त्यसैगरी बुद्धका मूर्तिहरुको निर्माण कार्यमा वहाँ निरन्तर लागिरहनु भयो । वहाँमा मूर्ति बनाउने र वास्तु बनाउने विचित्रको कला थियो । त्यसकारण वहाँको त्यस कार्यबाट भोट चिनियाँ जनताहरु छक्क पर्थे । कतिपयले त कलाकार आनिकलाई भगवानले नै बरदान दिएको भनी प्रशंसा गरेको पाइन्छ । वहाँले तिब्बतमा बनाउनु भएको सुवर्ण चैत्य र चीनमा बनाउनु भएको श्वेत चैत्य आज पनि भोट चीनमा मात्र होईन त्यो ऐतिहासिक सम्पदा हेर्न विश्वभरिका मानिसहरुको त्यहाँ भीड लाग्ने गरेको पाइन्छ । यसले त्यहाँको पर्यटकीय उर्जामा महत्वपूर्ण सफलता हासिल गरेको पाइन्छ । यसले बौद्ध धर्म, दर्शन र चिन्तन प्रणालीलाई विश्वमाझ जोडिदिएको पाइन्छ । नेपाल भोट चीन सम्बन्ध सुमधुर र सुदृढ बन्नुमा कलाकार अरनिकोको पनि ठूलो हात रहेको छ । यसले समग्रमा नेपाल चीन



मित्रतालाई कहिल्यै नछुट्टिनेगरी जोडिदिएको छ । यसरी अरनिकोले प्रत्यक्ष, अप्रत्यक्ष र प्रतिकात्मक रुपमा बौद्ध धर्मको विकास र संरक्षणका लागि अमूल्य योगदान दिंदै भोट चीन, मंगोलीया क्षेत्रमा बौद्ध धर्म दर्शनलाई अक्षुण्ण राख्ने काम गर्नु भयो । तल देहायमा बमोजिम (बायाँपट्टि अरनिकोले तिब्बतमा निर्माण गर्नु भएको स्वर्ण चैत्यको तस्विर र दायाँपट्टि चीनमा निर्माण गर्नु भएको श्वेत चैत्यको तस्विर) ।



*"चिनियाँ सम्राट कुब्लाई खाँको निमन्त्रणामा गएका नेपाली कलाकारहरुको टोली तिब्बतको मूख्य कामहरु सकेर चिन तर्फ प्रस्थान गरे । उक्त अभियान अन्तर्गत मंगोलिया नजिक चीनको गांसु प्रान्त, तुङ्गहांङ्ग उपत्यका भित्र रेशम मार्गको सुरुवात बिन्दु संगैको मंगो गुफा, जसलाई बुद्धका हजार गुफाहरु तथा संसारको ठूलो बुद्ध भण्डारणमा पनि पुगेको हो की भन्ने प्रश्नहरु उब्जिएकाछन् ? (दायाँ मंगो गुफाको मूल द्वारको तस्विर) यो गुफाहरुमा बुद्धमार्ग सम्बन्धि सामाग्रीहरु भर्ने काम उई बंसले सन ३ सय ६६ बाट सुरु गरे र १३ रौ शताद्विमा युआन बंश अर्थात कुब्लाई खाँको कार्यकालमा पूर्णता पाएको भनिएकोछ । ऐतिहासिक पक्ष के छ भने सम्राट कुब्लाई खाँको पालामा अर्थात १३ रौ शताद्विमा अरनिकोको टोली मंगोलिया सम्म पुगेका र हजार गुफाले पूर्णता पाएको हो ? अझ रोचकपक्ष त सन १९७० ताका उक्त गुफा पुगेका तत्कालिन नेपाल भिक्षुसंघका उपाध्यक्ष*



*भन्ते निग्रोजका अनुसार हजार गुफामध्ये एक गुफा नं. २४५ मा नःम बुद्ध चैत्यको साथमा गुफाको वरिपरी भित्तामा राजकिय सिकार कार्यक्रम र राजकुमार माहासत्वले बोधिसत्व प्राप्त गरेको घटनाचक्रको चित्रकला लेखिएकोछ । नःम बुद्ध चैत्य र चित्रकलाले अरनिकोले आफ्नो जन्मस्थानको प्रतिनिधित्व बनाएको हुनसक्दछ" (उलक २०७९, काभ्रेली गुञ्जन १०२) ।*

# अध्याय : तीन

## ३.१ अरनिकोको चीन प्रस्थान मार्ग

किबदन्ति अनुसार किरातकाल र सो भन्दा पहिले देखी कुर्पासी (खोपासी) बाट भोट जाने बनौटाहरु खोपासी, पस्थली, ईटे, फस्कोट, बालुवा, पलाञ्चोक, दोलालधाट, कात्तिके सम्म एउटै बाटो त्यसपछि ऋतु अनुसार कोदारी नाकाको लागी बलेफी, धुस्कुन, खुर्सानीबारी, चाकु, तातोपानी भएर कोदारी र अर्को लाप्चा नाकाको लागी कात्तिके, चौबास, तिमाल, मकैबारी, हामा, लामाबगर भएर लाप्चाको बाटो प्रयोग गर्दथे ।

*इतिहास शिरोमणी बाबुराम आचार्य भन्नु हुन्छ लिछवी पाला देखी नै नेपाल बाट केरुङ्ग, कुटीको लागी बाटो खोलिएको थियो । However, Baburam Acharya, the great historian of Nepal mentions that that the lane of Kerung and Kuti was in practice since 584 AD or earlier (Acharya, 2059/ P: 17). यसरी तिब्बतको लागी आधिकारीक बाटो सातौ शताब्द्रिमा खोलिएको थियो । "The official trade route between Nepal andTibet was first introduced in the seventh century. It was too hard to go India from Tibet prior to exploration of this route. There were mainly two ways from Nepal to Tibet in ancient period" (Dr. Dahal, 2019 AD, p.46 । यसबेला रसुवागढी र दोलखाको लामाबगर लाप्चा खालिएको दखिन्छ ।*

खोपासीका समुदाय तथा बाह्रवीसेका स्थानीय बुद्धिजीवी एवम् इतिहासमा दख्खल राख्ने तिर्थ ढकाल र तोयनाथ नेपालका अनुसार अरनिको पैदल हिँड्नु भएको प्रवल सम्भावित ऐतिहासिक मार्गहरु क्रमशः खोपासी, पनौती, बाँसडोल, साँगा, भक्तपुर (राजा संग अनुमती लिन), तेलकोट, चिसापानी, मण्डन देउपुर (चाखोला क्रस भयो), धुस्कन बाह्रवीसेहुँदै कोदारी, लिपिङ, भोटेकोशी तरेर पारी न्यालम, कुतीहुँदै गएको हुन सक्ने बताउनु भएको छ । यो रुट भएर अरनिको चीन प्रस्थान गर्दाको बखतको अहिलेसम्मकै यसलाई निकटतम सम्भावित पद मार्ग मानिएको पाइन्छ ।

## ३.१ अरनिकोको सम्भावित चीन प्रस्थान पद मार्ग र अरनिको राजमार्ग

गणेश बहादुर श्रेष्ठका अनुसार अरनिको पैदल हिँड्नु भएको भनिएको सम्भावित मार्गहरु : भक्तपुर (क) बनेपा (ख) रवी ओपी (ग) इन्द्रावती (घ) चाखोलाको तिरैतिर भएर (ङ) धुस्कुन, बाह्रवीसे (च) तातोपानी (छ) कोदारी (ज) लिपिङ (झ) हालको मितेरी पुल ।

प्रस्तुत अनुसन्धानकर्ताले बाह्रवीसेमा गरेको अन्तरक्रियाको (दायाँपट्टिको तस्विर) निष्कर्ष अनुसार अरनिको चीन प्रस्थान गरेको हुन सक्ने प्रवल सम्भावनाको देहायमा बमोजिमको रुट रहेको छ : भक्तपुर (१) बनेपा (२) दोलालघाट (३) हिगुवापाटी (इन्द्रावती तरेर) (४) कमेरापानी (५) जल्किनी (कदमवास



हुँदै) (६) बलेफी (७) कोठे (८) लामोसाँगु (९) वनसाँगु (१०) बाह्रवीसे (११) खुर्सानीबारी (१२) गाथी (१३) चाकु (१४) हिन्दी (१५) खोकुण्डोल (१६) तातोपानी (१७) कोदारी गाउँ (१८) लिपिङ । अथवा भक्तपुर (१) बनेपा (२) पाँचखाल (३) दोलालघाट (४) बाह्रवीसे (५) खुर्सानी बारी (६) थाकतल (७) जबमु (८) सखुवा (९) आइतबारे (१०) बञ्जिजम्प (११) चाकु (१२) डागलाङ (१३) हिन्दी (१४) खुकुन्डोल (१५) लार्चा (१६) १० किलो (१७) तातोपानी (१८) कोदारी (१९) लिपिङ (२०) हालको मितेरी पुल । यसरी अरनिकोको चीन प्रस्थान मार्ग बारेको अहिलेसम्मको यो अध्ययनले बनेपाबाट प्रारम्भ भई बाह्रवीसे, कोदारी, लिपिङ र भोटेकोशी तरेर वा हालको मितेरी पुल वरपरको क्षेत्र भएर न्यालम, कुतीहुँदै तिब्बत, चीन र मंगोलसम्म पुग्नु भएको बुझिन्छ । जे होस् अरनिकोको चीन प्रस्थान मार्गको मुख्य केन्द्र विन्दु बाह्रवीसे नै हुनु पर्छ भन्ने सम्भावनाको नजिक पुग्न सकिन्छ । बाह्रवीसेमा अरनिकोको पुर्ण कद्को प्रतिमा पनि राखेको देख्न सकिन्छ, जुन दृश्यले बुझाउँछ । अरनिकोले नेपाल छोडेको अन्तिम बिन्दु कोदारी गाउँ, लिपिङ हुनु पर्छ । त्यो लिपिङ जहाँ तिब्बतबाट नेपालतिर आएको भोटेकोशी नदी तरेर त्यो बेला अरनिको तिब्बत प्रवेश गर्नु भएको सम्भावना बढी देखिन आएको छ । स्थलगत अनुसन्धानकर्ताले बाह्रवीसे, कोदारी आदि ठाउँमा गएर लिएका तस्विहरु यस प्रकार छन् :





राष्ट्रिय विभूति अरनिको चीन प्रस्थान गर्नु भएको मार्ग हालको सिन्धुपाल्चोक जिल्लाको तातोपानी, कोदारी, लिपिङ हुँदै चीनको स्वशासित क्षेत्र तिब्बतको न्यालम, कुती हो । सोही मार्गको आधारमा नेपाल र चीन दुवै देशका सरकारहरुको समन्वयमा अरनिको राजमार्ग नामाकरण गरेको पाइन्छ । कोदारी गाउँको नामबाट अरनिको राजमार्गलाई कोदारी राजमार्ग पनि भनिन्छ । यो राजमार्ग काठमाण्डौको त्रिपुरेश्वरबाट सुरु भएर सिन्धुपाल्चोक जिल्लाको

कोदारी लिपिङको मितेरी पुलमा गएर अन्त्य हुन्छ । यसको कूल लम्बाइ ११२.८३ किलोमिटर छ । दुवै देशका सरकारहरुले कलाकार अरनिको चीन प्रस्थान गर्नु हुँदाको पद्चाप पहिल्याउँदै अरनिकोको राजमार्ग निर्माण गरेको अवधारणा छ । यद्दपि, आधुनिक विकास निर्माण र वैज्ञानिक प्राविधिक कारणले गर्दा अरनिको राजमार्ग हुबहु अरनिको पैदल हिँड्नु भएकै बाटो भनेर बुझ्नु भन्दा पनि हालको यो राजमार्गका कतिपय खण्डहरुमा वा यो राजमार्गको वारिपारिका डाँडा, जंगल, गाउँ बस्ती र नदी किनारबाट पनि हिँड्ने गर्नु भएको अनुमान गर्न सकिन्छ । यसमध्ये वर्तमान अरनिको राजमार्ग सडक खण्ड अन्तर्गत प्रायः धेरैजसो ठाउँका तत्कालीन बाटोहरुको प्रयोग गरी अरनिको पैदल सवार भएको हुन सक्ने सम्भावना पनि देखिन्छ । *'आधुनिक समयमा आएर जुलाइ १९५३ मा खासा-लिपिङखोला-भोटेकोशी क्षेत्र वरिपरिको भू-भाग सम्बन्धी सीमा सुधार सन्धि सम्पन्न भयो । नेपाल र चीनबीच अगष्ट १, १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भयो' (duniyakokhabar = 4471)* । यो बाटोको निर्माण नहुँदासम्म प्राचीन तथा मध्यकालीन नेपाललाई छाडेर आधुनिक भूपरिवेष्ठित देश नेपालको एक मात्र दक्षिणी मित्रराष्ट्र भारतसँग मोटरेवल राजमार्गबाट मात्र सम्पर्क हुने गर्थ्यो, मोटरेवल मार्गबाट त्यो बेला चीनसँग सम्पर्क हुन सकेको थिएन । यसै विषय वा प्रस¨वशः कोदारी-अरनिको राजमार्ग बारे थप इतिहासतिर प्रवेश गरौं :

*'राजा महेन्द्रको सेप्टेम्बर २८, १९६१-अक्टोबर १५, १९६१ सम्मको १८ दिने राजकीय चीन भ्रमणका अवसरमा जसरी राजा महेन्द्रद्वारा आफ्नै दस्तखतमा नेपाल र चीनबीच सीमा-सन्धि सम्पन्न गरिएको थियो त्यसैगरि आफ्नै रोहवरमा अक्टोबर १५, १९६१ मा नेपाल सरकारका तर्फबाट परराष्ट्रमन्त्री तुलसी गिरी र चीन सरकारका तर्फबाट विदेशमन्त्री चेन यीको संयुक्त दस्तखतमा पेकिङमा ०५ बुँदे राजमार्ग निर्माण सम्झौता सम्पन्न गरिएथ्यो' (duniyakokhabar = 5041)* ।

साँखुली विद्वान प्रकाश मान सक्वका अनुसार, *''चिनियाँहरुले साँखुबाट नगरकोटहुँदै कोदारीतर्फ प्रस्तावित अरनिको राजमार्ग निर्माण कार्यका लागि काम शुरु गरिसकेका थिए । त्यसैको निरन्तरता स्वरुप हालको भाग्योदय मा.वि.को पुरानो गेटमा ११ नं. पिल्लर पनि गाडिसकिएको थियो, तर साँखुका स्थानियहरुको अनुरोधमा तत्कालीन वागमती अञ्चल सभापित जोगमेहर श्रेष्ठले उक्त बाटालाई बनेपा तर्फ मौडन सफल हुनु भयो* (सक्व २०८० : अन्तरवार्ता) । *हामी स्कुल पढ्न जाँदा ११ नं. पिल्लरलाई छोएर जान्थ्यौं । पछि के भयो थाहा भएन, साँखुबाट अरनिको राजमार्ग नबन्ने भयो भन्ने सुन्नमा आयो । क्यान्सिल भयो* ( ऐजन) । यसरी वहाँको भनाइ अनुसार चिनियाँहरुले साँखुबाट अरनिको राजमार्ग निर्माणको प्रस्ताव अघि सारी प्रारम्भिक कार्य समेत अगाडि बढ्नेक्रमलाई मूल्यांकन गर्ने हो भने अरनिकोको चीन प्रस्थान मार्ग र साँखुबीचको केही सम्बन्ध छ कि भन्ने लाग्दछ । अर्को

पाटोबाट हेर्दा त्यस्तो सम्बन्ध नहुन पनि सक्छ । यसबीचको समय एवं सन्दर्भमा थप अनुसन्धानको आवश्यक पर्दछ ।

*यसै सम्झौता अन्तर्गत नेपाल-चीन जोड्ने कोदारी-अरनिको राजमार्ग (करीब ११२.८३-१४४ किलोमिटर लम्बाइ) निर्माण भएको हो । नेपाल सरकारको अनुरोधमा जनगणतन्त्र चीन सरकारले नेपालसँग कुनैपनि शर्त र नेपालको राष्ट्रिय अखण्डता एवं सार्वभौमिकतामाथि आँच नआउनेगरी विशेष अधिकाररहीत किस्ताबन्दीका रुपमा आर्थिक अनुदान सहायता रकम बापत जुलाइ १, १९६२ देखि जून ३०, १९६६ सम्म ३५ लाख पाउण्ड स्टर्लिङ उपलब्ध गराएको पाइन्छ (निर्माण सम्झौताको आर्टिकल ०१) । नेपाल र चीन आर्थिक सहायता सम्झौता अक्टोबर १५, १९६१ को आर्टिकल ०४ मा गरेको व्यवस्थाअन्तर्गत चीन सरकारले तिब्बतदेखि नेपालको काठमाण्डौसम्म पठाउने विशेषज्ञहरुद्वारा गरिने स्थानीय सर्वेक्षण समाप्त भएपछि दुवै सरकारहरुले उपर्युक्त राजमार्गको बाटोको निर्धारण, त्यसको निर्माण कार्यक्रम, त्यसलाई ठोस रुपले कार्यान्वित गर्ने तरिका, किस्ताबन्दी-सहायता उपलब्ध हुने प्रक्रिया र तत्सम्बन्धी छलफल तथा आवश्यक कार्यविधि तयार गर्ने (आर्टिकल ०३) लगायतका अन्य व्यवस्थाहरु गरेको पाइन्छ । सम्झौताअनुरुप कोदारी-अरनिको राजमार्ग सेप्टेम्बर २४, १९६३ बाट निर्माण कार्य प्रारम्भ भइ मे २६, १९६७ मा भक्तपुरमा औपचारिक उद्घाटन सम्पन्न गरिएको थियो । यो अवसरमा तत्कालीन नेपाल युवा संगठनका अध्यक्ष एवं नेपाल-चीन मैत्री समाजका अध्यक्ष पूर्णबहादुर एम.ए.ले कलकत्ता व्यापारिक रुट भूपरिवेष्ठित नेपालको स्वतन्त्रताको पहिलो मात्रा थियो भने व्यवहारिक अर्थमा अरनिको राजमार्ग खुल्नु स्वतन्त्रताको दोस्रो मात्रा रहेको विचार व्यक्त गर्नुभएको थियो । कोदारी-अरनिको राजमार्ग चीन (तिब्बत) को जाङमु-शाङघाइ राष्ट्रिय राजमार्ग जी-३१८ संग जोडिएको पाइन्छ' (Ibid)* । यसरी राष्ट्रिय विभूति अरनिकोको चीन प्रस्थान मार्गसँग जोडिएको राजमार्गले राष्ट्रिय गौरव र महत्व उँचो बनाएको छ । नेपालको स्वाधीनता, स्वतन्त्रता र राष्ट्रिय हितसँग जोडिएको छ । मैत्रीपूर्ण अन्तराष्ट्रिय सांस्कृतिक सम्बन्ध र पर्यटन परिपथसँग जोडिएको छ ।

# अध्याय : चार

## सारांश

राष्ट्रिय विभूति अरनिकोको जन्मस्थान बारे प्रो. सिल्भा लेभी, इतिहास शिरोमणी बाबुराम आचार्य तथा शताद्दि पुरुष सत्यमोहन जोशी (जस्ले अरनिकोको जीवनी ग्रंथ लेखे) र मिनबहादुर शाक्यले पाटनमा धलौटको काम धेरै सय बर्ष पहिले देखी भएको हुँदा पाटन हुन सक्ने ईकित गरे । उनिहरुले अन्य स्थान र खास गरी इतिहासको पुरानो स्थान खोपासीमा पुगेनन् । डिल्ली रमण रेग्मी, मनोज बाबु मिश्र (जस्ले पहरीको आकृतीमा अरनिकोको मूर्ति बनाए), युवराज घिमिरे र विश्व उलकले खोपासीका हुन भनेर लेखे पनि त्यसलाई समर्थन गर्ने ऐतिहासिक, पुरातात्विक दस्तावेज, सामग्रीहरुको अभाव देखिएको थियो । यस अध्ययनले अरनिकोको जन्ममा माथी उल्लेखित यथेष्ट प्रमाणिक ऐतिहासिक प्रस्तुतीले उनको जन्म कुर्पासी अर्थात खोपासीमा भएको आकलन सम्बन्धमा दुविधा भएन र यस अध्ययनले अरनिकोको जन्म कुर्पासी (खोपासी) हो भनि एकिन गर्दछ । अरनिको चीन प्रस्थानमा सम्भावनाका केही पद् चिन्हहरु पनि देखिएका छन् । अरनिकोको सुरु प्रस्थान मार्ग खोपासीबाट पनौती, बाँसडोल (लिच्छवी कालिन वस्ति), साँगा, भक्तपुर (राजा संग अनुमती लिन), तेलकोट, साँखु, चिसापानी, मण्डन देउपुर (चाखोला क्रस भयो), लिस्ती, धुस्कन बाह्रवीसेहुँदै कोदारी, लिपिङ, भोटेकोशी तरेर पारी न्यालम, कुतीहुँदै गएको हुनु पर्छ । यसको अर्थ अरनिको चीन प्रस्थान गर्नु भएको एक मात्र मार्ग कोदारी-न्यालम हुन आएको छ, जसको स्मरणमा नेपाल सरकार र चीन सरकारले कोदारी-अरनिको राजमार्ग नै निर्माण गरिसकेको छ । तर यहाँनिर यस अनुसन्धानकर्ताको मनमा के संशय हुन आएको छ भने चिनियाँ पक्षबाट साँखु, नगरकोट भएर पाँचखाल, बाह्रवीसे, लिपिङहुँदै किन अरनिको राजमार्ग प्रस्ताव गरे ? अथवा नेपाली पक्षबाट सो प्रस्ताव अघि सारेर वा चिनियाँहरुको तर्फबाट पेश गरेका प्रस्तावलाई नेपाली पक्षले स्वीकार गरेर किन साँखु र नगरकोटहुँदै सिन्धुपाल्चोकतर्फको मार्ग अघि सारे होलान र पछि फेरि किन साँखु र नगरकोटतर्फको प्रस्तावित सम्भावनालाई त्यागेर साँखुमा निर्माण समेत गरिसकेको ११ नं. को पिल्लरलाई छलेर कोटेश्वर, भक्तपुर, साँग, बनेपा, पाँचखाल, बाह्रवीसेहुँदै कोदारी लिपिङसम्म अरनिको राजमार्ग निर्माण गरियो होला ? वास्तवमा यस्ताखाले अनुसन्धान प्रश्नहरुको ठोस र प्रमाणिक उत्तर पाउन भविष्यमा विभिन्न कोणबाट थप अध्ययन अनुसन्धानको दायरालाई फराकिलो बनाउनु पर्ने हुन सक्छ । त्यसको लागि यो प्रतिवेदन सहयोगीको रुपमा र सन्दर्भ स्रोतको रुपमा रहन सक्छ ।

अरनिको बारे हामीलाई किन यतिका धेरै चासो भयो त ? किनभने अरनिकोले गरेका काम कर्महरु नै सबैभन्दा महत्वपूर्ण विषय भएकाले हो । अरनिको बौद्धमार्गी हुनुहुन्थ्यो ।

त्यसकारण पनि वहाँका अधिकांश कलाकृतिहरु बौद्ध दर्शनमाथि केन्द्रित देखिएका छन । त्यसैको माध्यमबाट कलाकार अरनिको (आनिक) ले आफु र आफ्नो देशलाई भोट चीन, तिब्बत, मंगोलियामा मात्र होईन सारा विश्वभर चिनाउन सफल हुनु भएको निष्कर्ष निकाल्न सकिन्छ । अतः त्यसैको परिणामस्वरुप अरनिकोले बनाउनु भएका कलाकृतिहरु आज भोट चीन, मंगोलियामा राष्ट्रिय सम्पदा र संस्कृति बनेर धरोहरका रुपमा रहन सफल भएको देखिन्छ । यसरी नेपालमा जन्मिएर भोट तिब्बत, चीन र मंगोलियासम्म आफ्नो कर्म क्षेत्र बनाउन सफल अरनिकोको अभूतपुर्व ज्ञान, सीप, कलाकौशल, मिहेनत आदिको कारणले नै हो जसले नेपाल र नेपालीको गौरवलाई अक्षुण्ण राख्ने काम गर्नु भयो । नेपाल र नेपालीका लागि अरनिकोले जति धेरै काम गर्नु भयो वहाँका लागि हामीले धेरै काम गर्न सकेका छौं जस्तो लाग्दैन । जबसम्म हामीले अरनिकोका ११ वटी जहान परिवारका सन्तानहरु र सन्ततीहरुको खोजी नीति गर्न सक्दैनौ, जबसम्म हामीले वहाँका ती सन्तान र सन्ततीहरुको ७ पुस्ते लगत मगाएर राख्न सक्दैनौ, जबसम्म हामीले वहाँका ती सन्तान र सन्ततीहरुलाई नेपाल भ्रमण गराएर वहाँहरुको घरको पहिचान दिन सक्दैनौ तबसम्म हामीले अरनिकोको सन्दर्भमा जति नै काम गरे पनि, स्मरण गरे पनि शायद् त्यो अपुरो नै हुन सक्छ भन्ने लाग्दछ । त्यसकारण यसै प्रतिवेदन मार्फत यो एक प्रस्तावनाका लागि पहिलो पाइला चाल्नु पर्ने हुन सक्छ ।

सारमा राष्ट्रिय विभूति अरनिकोद्वारा निर्मित ऐतिहासिकता, सांस्कृतिक कलाकारिता र सम्पदाको उच्च मूल्यांकन र स्मरण गरेर संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले भृकुटी स्मृति प्रतिष्ठानलाई सो सम्बन्धी अध्ययन अनुसन्धान गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसले नेपालको छवीलाई उँचो उठाएको छ । नेपाल र भोट चीनको सम्बन्धलाई फराकिलो बनाउन सहयोग गरेको छ । आज बौद्धमार्गी चिनियाँहरु गौतम बुद्ध, भृकुटी, अरनिकोको जन्मभूमि नेपाल भनेर यहाँ ठूलो संख्यामा पर्यटन गर्न आइरहेका देखिन्छन् । यो एउटा महत्वपूर्ण ऐतिहासिक, सांस्कृतिक उपलब्धी हो ।

# सन्दर्भ सामग्री

**स्थलगत अन्तरवार्ता, अन्तरसंवाद, टेलिफोन संवाद :**

अणुराज जोशी, गणेश कुमार, जिसी, प्रकाश मान सक्व, मोहन कुमार भण्डारी, भगवान बस्नेत, चन्द्रमान पहरी, राजु थापा, महेन्द्र मानन्दर बज्राचार्य, बाबु महर्जन, दिपेश शाक्य, पञ्चराज शाक्य, सानुकाजी शाक्य, रत्न ज्योति शाक्य, अमृत खड्का, गोपाल कृष्ण श्रेष्ठ, शिव भण्डारी, तिर्थ ढकाल, तोयानाथ नेपाल, अर्थलाल श्रेष्ठ, यम बहादुर बस्नेत, ओम बहादुर थापा, उत्तर बहादुर घतानी, लोप्चन शेर्पा, निराजन थापा ।


अर्याल, सु. ।२०७८।, अरनिकोः स्वदेशमा 'अपरिचित', बिदेशमा प्रसिद्धि, अन लाइन खवर, असार १३ गते, https://www.onlinekhabar.com/2021/06/974836

उलक, बि. ।२०७९।, नःम बुद्ध - उदाउँदो अन्तर्राष्ट्रिय धार्मिक पर्यछकीय गन्तब्य, काभ्रेली गुञ्जन, काभ्रे सेवा समाज, सातौ अंक

उलक, बि. ।२०७९।, भावी प्रेरणाको लागी ईतिहाको सम्मान गरौ, मध्यमार्ग साप्ताहिक असार ४ गते, बनेपा, काभ्रे जिल्ला

उलक, बि. ।२०७८।, मल्ल कालिन खोपासी -३, मध्यमार्ग साप्ताहिक फाल्गुण १४ गते, बनेपा, काभ्रे जिल्ला

उलक, बि. ।२०७७। पलाञ्चोक माईको ऐतिहासिक र पर्यटकिय पक्ष, देश सञ्चार (अन लाइन) श्रावन २३ गते https://deshsanchar.com/2020/08/07/393500/?fbclid=IwAR362vlGz2RKaWGqPxI2arh84-VtiXjh6S_nlwRMh7E7nkRBeqpZCsTzxBw

कर्माचार्य, के.के. ।२०७६। 'चीनतिर फर्किरहेका अरनिको', *कान्तिपुर कोसेली,* चैत १ ।

घिमिरे, यु ।२०६२।, स्वप्न सम्मेलनका नायक, कान्तिपुर दैनिक मंसिर ४ गते

जिसी, गणेश कुमार ।२०७९। 'अरनिको एसिया एक प्रस्तावना' । काठमाण्डौ : नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान

जोशी, सत्यमोहन ।२०४४। 'कलाकार अरनिको' । काठमाण्डौ : विजय गजानन्द वैद्य ।

जोशी, सत्यमोहन ।२०७२। 'अरनिकोकृत श्वेतचैत्य (महाकाव्य)' । काठमाण्डौ : तलेजु प्रकाशन ।

न्यूज डेस्क ।२०७८।, न्यूज डेस्क, पलाञ्चोकि बिजयश्री (बिजयश्वरी) भगवती स्थापनाको १५१८ बर्ष, घटना बिचार साप्ताहिक, फाल्गुण ४ गते
http://www.duniyakokhabar.com/?p=4471

थापा, शैलेन्द्रबहादुर ।२०७७। 'नेपाल-चीन (तिब्बत) ऐतिहासिक सम्बन्धका आयामहरु', दुनियाँको खबर राष्ट्रिय साप्ताहिक, असार १३ ।
https://www.duniyakokhabar.com/?p=5041

थापा, शैलेन्द्रबहादुर ।२०७७। 'नेपाल-चीन (तिब्बत) आधुनिक सम्बन्धको आयाम : भाग-३', दुनियाँको खबर राष्ट्रिय साप्ताहिक, असार ३० ।

भण्डारी, गोपाल ।२०१८। नेपालको बैज्ञानिक इतिहास, साइन्स इन्फोटेक, अक्टोवर २

भट्टराई, प्रो. निरञ्जन ।२०१८। 'चीन र त्यससित नेपालको सम्बन्ध' । काठमाण्डौ : नेपाल एकेडेमी ।

सापकोटा, दपिक ।२०७७। लायकु अन्तिम पर्खाल, कोसेली, इकान्तिपुर भाद्र १२, https://scienceinfotech.com.np/75432/

https://ekantipur.com/koseli/2020/08/28/159861509651481460.html

शर्मा, डा. तारानाथ ।२०६२। 'अनिकोको अद्‌भुत मूर्ति', *कान्तिपुर शनिबार सामग्री,* मंसिर १८ ।

नेपालको संविधान (पहिलो संशोधन), २०७२ । काठमाण्डौ : नेपाल सरका कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
कानून किताब व्यवस्था समिति ।

Acharya, B.R. (1971), Arniko: His Family and Place of Birth, Regmi Research Series, year 3, 11, Regmi Research Pve.Ltd.

Acharya, Baburam, (2059), China Tibet and Nepal {Chin, Tibet ra Nepal, Kathmandu, Shree Krishna Acharya.

Dr. Dahal, P., Dahal, S.P., Jnawali, K. (2019), History of Nepal Customs, Department of Custom Nepal.

Levi, S. (1908). Farliest References to Nepal: Epigraphic and Literary Evidence. Legendary Origin of the Name of Nepal. *The History of Nepal Part I*. Translated by Theodore Ricaardi Jr., Keloy, H.K. and Kvaerne, P. (Ed.). (1975),Kathmandu: Kailash – Journal of Himalayan Studies, Ratna Pustak Bhandar 3 (1), 5-60

Joshi, S. M. (1962). *Minting in Nepal*, in Regmi, M.C. (Ed.). (1976) Regmi Research Series, Cumulative Index, Kathmandu: *Regmi Research* (Pvt.) Ltd. 8(3), 41-45

Sharma, S. (1988), The Paharis: In Quest of and Identity, Kaolash, Journal of Himalaya Studies, Volum 14 No 3 and 4.

Shrestha, O. ( 2010), A grammar of Pahari. PhD dissertation. Tribhuvan University, Kathmandu.

Smith, J.S. (2022), A Sociolinguistic Study of Pahari A Language of Nepal, Digital Resources, Journal of Language Survey.

Ulak, B.N. (2014), Prospects of Ecotourism in Khopasi, Nepal, Journal of Tourism and Hospitality Education, AITM School of Hotel Management.

https://ne.wikipedia.org/wiki/%E0%A4%85%E0%A4%B0%E0%A4%A8%E0%A4%BF%E0%A4%95%E0%A5%8B

## परिशिष्ट १

### भृकुटी स्मृति प्रतिष्ठान
### मत सर्वेक्षण नमूना : स्थलगत सर्वेक्षणसँग सम्बन्धित ।

**अरनिकोसँग सम्बन्धित विषयमा लिइएको मत सर्वेक्षण एक नमुना :**

(१) मत लिइएको वर्ग :

| | | |
|---|---|---|
| (क) इतिहास, संस्कृति र पुरातत्वमा रुची राख्ने नेपाल सरकारका अधिकृत/स्थानीय स्नातक, स्नातकोत्तर विद्यार्थी | : | ३० जना । |
| (ख) इतिहासविद्/ इतिहासकार/इतिहास, संस्कृति विट हेर्ने पत्रकार | : | ३० जना । |
| (ग) संस्कृतिविद्/पुरातत्वविद्/ अरनिको सम्बन्धी विषय ज्ञाता | : | ३० जना । |

(२) मत लिइएको क्षेत्र :

| | | |
|---|---|---|
| (क) कुर्पासी | : | २० जना |
| (ख) बाह्रवीसे | : | ३० जना |
| (ग) कोदारी लिपिङ गाउँ | : | २० जना |
| (घ) ललितपुर, पाटन | | २० जना |

**माथि उल्लेखित १ को 'क', 'ख' र 'ग' सँग सोधिएको प्रश्नावलीका प्रश्नहरु :**

**१. अरनिकोको जन्म कहाँ भएको थियो ?**

क. खोपासी ख. भक्तपुर ग. बनेपा घ. पाटन ङ. पाल्पा

**२. अरनिकोको बुवाको नाम के थियो ?**

क. मितिआर ख. आछ्युक ग. आसुला घ. लाखाँना ङ. कुनै होईन

**३. अरनिकोको आमाको नाम के थियो ?**

क. च्यानसली ख. सुमाखची ग. खुतुतिचिङ घ. छौ थुङ ङ. कुनै होईन

**४. अरनिकोको नेपाली श्रीमतीको नाम के हो ?**

क. चाओस ख. नाङ हचन ग. चायाथा लछिमे घ. सिङ श ङ. कुनै होईन

**५. अरनिको कुन समुदायका मानिस थिए ? प्राचीनकालदेखि नै काष्ठकला, वास्तुकला, मूर्तिकला र कपडा बुन्ने पेशाा तलका मध्ये अक्सर कुन समुदायले पेशागत रुपमा अपनाउँदै आएको छन् ?**

क. शाक्यवंशी नेवार ख. पहरी ग. मगर घ. तामाङ ङ. कुनै होईन

**६. अरनिकोले नेपालको कुन स्थानको बाटो प्रयोग गरी चीन प्रस्थान गर्नुभएको थियो ?**

क. रसुवागढी ख. लामावगर ग. किमाथाङका घ. कोदारी लिपिङ ङ. कुनै होईन

**७. अरनिकोको नेपाली नाम के हो ?**

क. आनिक　　ख. पाल्पा हु　　ग. हरिभक्त　　घ. बिदुर　　ङ. बलबाहु

**८. अरनिकोले टेकेर भोट चीन प्रवेश गर्नुभएको तत्कालीन गोरेटो घोडेटो बाटोमा सञ्चालित आधुनिक नेपालको प्रसिद्ध राजमार्गको नाम के हो ?**

क. अरनिको राजमार्ग　　ख. त्रिभुवन राजपत्र　　ग. महेन्द्र राजमार्ग　　घ. पृथ्वी राजमार्ग
ङ. सिद्धार्थ राजमार्ग

**९. अरनिको हिँडेको गोरेटो बाटो कुतीहुँदै टिङ्ग्री पुगेको अनुमान गरिएको नेपालतर्फको कोदारी राजमार्ग एशियाली राजमार्गको रुट नं. कतिको एक खण्ड भईसकेको छ ? ?**

क. रुट नं. १　　ख. रुट नं. ५　　ग. रुट नं. ३　　घ. रुट नं. ४　　ङ. रुट नं. ६

**१०. अरनिकोको चीन स्थित समाधिस्थलको कीर्तिस्तम्भको शिलालेखमा "अरनिको ढलौटको मूर्ति बनाउने ठाउँमा जन्मेका थिए" ? भनी लेखेको पाइनुले उनको जन्म नेपालको कुन ठाउँलाई लक्षित गरेको हुन सक्छ ?**

क. खोपासी　　ख. भक्तपुर　　ग. स्वयम्भू　　घ. पाल्पा　　ङ. ललितपुर

**उत्तरको नतिजा**

| प्रश्न अनुसार क्रमश: उत्तर नं. | | उत्तरदाता | | | नतिजा | |
|---|---|---|---|---|---|---|
| | | स्थानीयवासी / जनप्रतिनिधि | इतिहासकार / बुद्धिजीवी | संस्कृतविद्/ पुरातत्वविद् | जम्मा | प्रतिशत |
| १ | क | १० | ९ | ११ | ३० | ३३.३३ |
| | ख | ०० | ०० | ०० | ०० | ०० |
| | ग | ५ | ०० | ०० | ५ | ५.५५ |
| | घ | १३ | २१ | १९ | ५३ | **५८.८८** |
| | ङ | २ | ०० | ०० | २ | २.२२ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९८** |
| २ | क | १० | ०० | २ | १२ | १३.३३ |
| | ख | १० | १ | १ | १२ | १३.३३ |
| | ग | ७ | १ | २ | १० | ११.११ |
| | घ | १ | २७ | २५ | ५३ | **५८.८८** |
| | ङ | २ | १ | ०० | ३ | ३.३३ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९८** |
| ३ | क | १५ | ०० | ०० | १५ | १६.६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ख | ६ | २८ | २५ | ५९ | **६५.५५** |
| | ग | ७ | १ | ३ | ११ | १२.२२ |
| | घ | १ | १ | २ | ४ | ४.४४ |
| | ङ | १ | ०० | ०० | १ | १.११ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९८** |
| ४ | क | २ | १ | ०० | ३ | ३.३३ |
| | ख | ६ | ०० | ०० | ६ | ६.६६ |
| | ग | १२ | २९ | २८ | ६९ | **७६.६६** |
| | घ | ५ | ०० | २ | ७ | ७.७७ |
| | ङ | ५ | ०० | ०० | ५ | ५.५५ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९७** |
| ५ | क | १२ | १५ | १४ | ४१ | ४५.५५ |
| | ख | १४ | १५ | १६ | ४५ | **५०** |
| | ग | २ | ०० | ०० | २ | २.२२ |
| | घ | १ | ०० | ०० | १ | १.११ |
| | ङ | १ | ०० | ०० | १ | १.११ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९९** |
| ६ | क | २ | ०० | ०० | २ | २.२२ |
| | ख | ०० | ०० | ०० | ०० | ०० |
| | ग | ०० | ०० | ०० | ०० | ०० |
| | घ | २८ | ३० | ३० | ८८ | **९७.७७** |
| | ङ | ०० | ०० | ०० | ०० | **००** |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९९** |
| ७ | क | ६ | ०० | ०० | ६ | ६.६६ |
| | ख | १ | ०० | ०० | १ | १.११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग | ०० | ०० | ०० | ०० | ०० |
| | घ | १ | ०० | ०० | १ | १.११ |
| | ङ | २२ | ३० | ३० | ८२ | **९१.११** |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९९** |
| ८ | क | ३० | ३० | ३० | ९० | **१००** |
| | ख | ०० | ०० | ०० | ०० | ०० |
| | ग | ०० | ०० | ०० | ०० | ०० |
| | घ | ०० | ०० | ०० | ०० | ०० |
| | ङ | ०० | ०० | ०० | ०० | ०० |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **१००** |
| ९ | क | ४ | ३ | २ | ९ | १० |
| | ख | २० | २० | २२ | ६२ | **६८.८८** |
| | ग | ३ | ४ | २ | ९ | १० |
| | घ | २ | १ | २ | ५ | ५.५५ |
| | ङ | १ | २ | २ | ५ | ५.५५ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९८** |
| १० | क | १८ | ७ | ९ | ३४ | ३७.७७ |
| | ख | २ | १ | १ | ४ | ४.४४ |
| | ग | ३ | १ | २ | ६ | ६.६६ |
| | घ | ३ | ३ | १ | ७ | ७.७७ |
| | ङ | ४ | १८ | १७ | ३९ | **४३.३३** |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९७** |

**परिशिष्ट २**

## स्थलगत भ्रमणसँग सम्बन्धित काग्जाद्हरु

"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# PANCHKHAL MUNICIPALITY

......५... नं. वडा कार्यालय (...९..... No. Ward Office)
पाँचखाल, काभ्रेपलान्चोक (Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

प.सं.(Ref.): ०८०/८०
च.नं.(Ch. No.): ६३२

मितिः-२०८०।०१।१९

जो जस संग सम्बन्धित छ ।

पाँचखाल नगरपालिका ५ नं. वडा कार्यालय पलाञ्चोक, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

विषय :- स्थलगत अध्ययन अनुसन्धान सम्वन्धमा ।

प्रस्तुत बिषयमा अनुसन्धानकर्ता श्री शैलेन्द्र बहादुर थापा मिति २०८०/०१/१८ मा यस वडा कार्यालयमा आउनु भई यस वडा अर्न्तगत रहेको ऐतिहाँसिक पलाञ्चोक भगवती मन्दिर र मूर्ति निर्माण सम्बन्धि विवरण संकलन गर्नु भएको छ । यहाँको सरोकारवाला स्थानीय व्यक्तिहरुसंग अन्तक्रिया गर्नु भएको छ । मन्दिरमा पहरी जातीको योगदान र अरनिको सम्बन्ध बीचको सूचना संकलन गरी यस कार्यालयबाट मिति २०८०/०१/१९ मा रमाना हुनुभएको व्यहोरा अवगत गराइन्छ ।

इन्द्रमाया कुँवर
वडा सचिव

फोन नं. ५५३६५१८

# ललितपुर महानगरपालिका

# यल महानगरपालिका

**६ नं. वडा कार्यालय**

**कनिबहाल, ललितपुर**

**बागमती प्रदेश, नेपाल ।**

मितिः२०८०/१/२९

प.सं. : ०८१/०८०

च.नं. : ०९२

श्री शैलेन्द्र बहादुर थापा ज्यू,
कोटेश्वर, काठमाडौं ।

विषयः स्थलगत अध्ययन अनुसन्धान सम्बन्धमा ।

उपरोक्त विषयमा भृकुटी प्रतिष्ठान बाट अनुसन्धाकर्ता श्री शैलेन्द्र बहादुर थापाले मिति २०८०/१/२६ मा यस वडा कार्यालयमा दिनुभएको निवेदन अनुसार यस वडा अन्तर्गत रहेको ऐतिहासिक पुरातात्विक सम्पदा सम्बन्धि विवरण संकलन गर्नु भएको छ । यहाँको सरोकारवाला स्थानीय व्यक्तिहरु संग अन्तरक्रिया गर्नुभएको छ । महाबौद्ध,गुजिबहाल, ज्याथा लगायतको क्षेत्रको स्थलगत अवलोकन तथा कलाकार अरनिको सम्बन्ध वीचको सूचना संकलन गरी यस कार्यालय बाट मिति २०८०/१/२८ मा रमाना हुनुभएको व्यहोरा अवगत गराईन्छ ।

रुपेन्द्र राज शाक्य
वडा अध्यक्ष

रुपेन्द्र राज शाक्य
वडा अध्यक्ष

# बाह्रबिसे नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बाह्रबिसे, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

फोन नं. : ०११- ४८९०००३

प.सं. : ०७९/८०

च.नं: 2936

मिति: २०८०/०१/११

विषय: स्थलगत सर्वेक्षण र अध्ययन अनुसन्धान सम्वन्धमा ।

जो जससँग सम्बन्धित छ,

अनुसन्धानकर्ता श्री शैलेन्द्र बहादुर थापाले बलबाहु अरनिकोसँग सम्बन्धित स्थलगत सर्वेक्षण र अध्ययन अनुसन्धान कार्यसम्पादन गर्नको लागि मिति २०७९/१२/३० देखि २०८०/०१/०४ गते सम्म यस कार्यालयको सम्पर्कमा रहनु भइ सो अवधिभर नगरपालिका क्षेत्रमा रहेको अरनिकोसँग सम्बन्धित तथ्य, तथ्याङ्क, विवरणहरु साथै भृकुटीसँग सम्बन्धित भृकुटी विसौना डाँडो लगायतका आवश्यक स्थानहरुको स्थलगत अध्ययन अनुसन्धान गरी विवरणहरु संकलन गर्नुभएको व्यहोरा जानकारी गर्दै भृकुटी र अरनिकोसँग विषय केन्द्रित रही सामूहिक छलफल तथा अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गर्नुभएकोले उहाँको यस अनुसन्धानमूलक कार्यप्रति नगरपालिका हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछ ।

(चुरामणि पन्थी)
प्रमुख प्रशासकिय अधिकृत